वैदेशिक रोजगारमा जाने निर्णय गरिसक्नु भएको छ भने स्काफ फोल्डिङ, सटरिङ कार्पेन्ट्री, आक वेल्डिङ,क्लिनर, स्टिल फिक्चर, वेटर हाउस किपिङ, प्लम्वर, विल्डिङ इलेक्ट्रिसियन र सेक्युरिटी गार्डको तालिा निःशुल्क प्राप्त गर्न सक्नुहुनेछ ।

जिल्ला विकास समिति, कास्की
वैदेशिक रोजगारीका लागि सुरक्षित आप्रवासन 'सामी' परियोजना
सूचना तथा परामर्श केन्द्र, कास्की
फोन : ०६१-४६४९२५

राष्ट्रिय दैनिक

गोल्डेन न्यूज

Golden News National Daily

○वर्ष ८ ○अंक ९७ ○श्रेणी 'क' ○२०७२ पुस २४ गते शुक्रबार ○ 8 Jan. 2016 ○पृष्ठ ४ ○मूल्य रू. ५/-

खुशीको खबर !!!
योग निद्रा सिकेर आफूलाईं रोगमुक्त राख्नुहोस् ।
नेपाल र पोखरामा पहिलो पटक ।
शरीर मन र आत्माको जुनसुकै रोग निवारण हुन्छ ।
शुल्क मात्र रु.१०००।- मात्र आफै आफूलाई रोगमुक्त गराउने एकमात्र ।
सिक्नुहोस्, सिक्नुहोस्, सिक्नुहोस्...र रोगमुक्त हुनुहोस् ।
मोवाइल : ९८१६१०२२१६

९३ तोला सुनसहित पुन पक्राउ

गोल्डेन न्यूज संवाददाता
पोखरा २३ पुस ।

ठूलो परिमाणमा चोरीको सुन सहित पोखराबाट एक जना पक्राउ परेका छन् । काठमाडौंबाट चोरी गरी पोखरामा बिक्री गर्ने योजना सहित ल्याईएको झण्डै ९३ तोला सुन र ५७ तोला चाँदी सहित २३ वर्षीय युवक पक्राउ परेका हुन् । कास्की प्रहरीले चोरीको सुनचाँदी सहित म्याग्दीको रुम ३ घरभई पोखरा-१ टुँडिखेल स्थित राष्ट्रिय उच्च माविमा कक्षा १२ मा अध्यनरत चिरञ्जिवी पुनलाई पक्राउ गरेको हो । काठमाडौंको न्यूरोड स्थित लक्ष्मी सुनचाँदी पसलबाट ठूलो परिमाणमा सुनचाँदी चोरीमा संलग्नहरु भागेर पोखरा आएको हुनसक्ने आशंकाको आधारमा जारी परिपत्र अनुसार खटिएको प्रहरी टोलीले उनलाई नियन्त्रणमा लिएको प्रहरी उपरिक्षक हरिबहादुर पालले जानकारी दिए ।

सादा पोशाकमा खटिएका प्रहरी टोलीले पोखराको पृथ्वीचोकबाट पुनलाई पक्राउ गरेको हो । उनकै सूचनाको आधारमा चोरीका मुख्य योजनाकार दुई जना पनि काठमाडौंबाट पक्राउ परेको प्रहरीले जनाएको छ । चोरीको योजना बनाउने म्याग्दी रुम ३ का दिलिप पुन भन्ने दिल बहादुर पुन र नुवाकोट महाकाली ९ घर भएका उमेश तामाङ पनि पक्राउ परेका छन् । यी दुई अभियुक्त यस अघि पनि म्याग्दीमा चोरी मुद्धामा २ बर्ष कैद सजाय भुक्तान गरी ४ महिना अघि मात्रै रिहा भएका थिए । उनीहरु काठमाडौंमा चोरी गरी पोखरा र यस आसपासको क्षेत्रमा बिक्री गर्ने योजना सहित पोखरा आएका थिए । कास्की प्रहरीले चिरञ्जीवीलाई पक्राउ गरेपछि अन्य दुई भागेर पुनः काठमाडौं पुगेका थिए । पछि उनकै सहयोगमा अन्य दुईलाई पनि महानगरीय प्रहरीले पक्राउ गरेको हो । उनीहरुले पोखराका अन्य तीन सुनचाँदी पसलमा पनि चोरीको योजना बनाएको प्रहरी अनुसन्धानबाट खुलेको छ । उनीहरुले पोखराको कामना ज्वेलर्स, बेगनासताल सुनचाँदी पसल र सागर ज्वेलर्समा रेक्की गरी चोरीको योजना बनाईरहेको प्रहरी समक्ष बयान दिएका छन् ।

न्यूरोडबाट कसरी चोरियो डेढ किलो सुन ?

काठमाडौंको न्यूरोडस्थित लक्ष्मी सुनचाँदी गहना पसलबाट यही पुस १२ गतेराति डेढ किलो सुन चोरी भयो। सुन व्यवसायी विष्णु रिजालले सुन हराएको भन्दै त्यसको भोलिपल्ट महानगरीय अपराध महाशाखाका उजुरी हाले। प्रहरीले १० दिनपछि चोरीमा संलग्न ४ जना पक्राउ गऱ्यो। काठमाडौंबाट ३ जना र पोखराबाट १ जना पक्राउ परे। काठमाडौंमा ३ जनालाई समात्ने क्रममा प्रहरीले गोली नै चलाउनु पऱ्यो।

कसरी चोरे सुन ? *महानगरी अपराध महाशाखाका डिएसपी मकुन्द मरासिनीका अनुसार म्याग्दी रुम गाबिसका दिलबहादुर पुन, चिरन्जिवी पुन, नुवाकोट महाकालीका उमेश तामाङ र गोरखा धावाका सन्तोष बलयकोटी मिलेर सुन चोरी गरेका हुन्। उनीहरूले सुन चोरी गर्ने विषयमा २ साता अघि नै योजना बनाई सूचना संकलन गरिरहेका थिए। सुन व्यवसायीले सुन पसलको लकरमा नै राख्ने, लकरको साँचो साहु मालिकले नै बोक्ने गरेको उनीहरुले पत्ता लगाएका थिए। उनीहरूले सुन व्यवसायी रिजालको बुद्धनगरमा रहेको घरको पनि सबै जानकारी लिएका थिए। यही पुस १२ गते राति ४ जना मिलेर रिजालको घरमा गए। साढे ३ तल्लाको घरमा उनीहरु पछाडिबाट माथि चढे। छत हुदैं उनीहरु भित्र छिरे । माथिल्लो तल्लामा उनीहरुले दराज खोले। त्यहाँबाट ३८ हजार रुपैयाँ निकाले। त्यसपछि उनीहरू रिजाल सुतेको कोठामा छिरे। रिजालले लकरको साँचो ज्याकेटमा हालेको उनीहरुले साँझ नै पत्ता लगाएका थिए। यसरी चोर छिरेर ज्याकेटको साँचो ल्याउँदा पनि रिजालले पत्तो पाउन सकेनन्। ज्याकेटमा रहेको साँचो निकालेर उनीहरु १ बजे न्यूरोडमा रहेको सुन पसलमा आए। सटर खोले, भित्र पसे। फेरि सटर लगाए अनि एक घन्टा लगाएर उनीहरुले फुर्सदिलो पाराले लकर खोल्दै डेढ तोला सुन चारेको डिएसपी मरासिनीले बताए। चोरेको सुन लिएर उनीहरु पोखरा गए। पोखरामा ९३ तोला सुनसहित चिरन्जिवी समातिएपछि अरु ३ जना त्यहाँबाट भागे। गोंगबुको एक गेष्ट हाउसमा बसेका उनीहरुलाई प्रहरीले पक्राउ गऱ्यो। पक्राउ गर्ने क्रममा उनका साथीभाईले प्रहरीमाथि आक्रमण गरे। जवाफमा प्रहरीले पनि एक राउण्ड गोली चलायो। उनीहरू ३ वर्ष म्याग्दीमा जेल बसेर छुटेका व्यक्तिहरु हुन्। म्याग्दीको बेनीमा भएको महोसत्वमा उनीहरुले लुटपाट गरेका थिए।*

यसैगरी लागूपदार्थको कारोवारमा संलग्न एक दुर्व्यशनी पक्राउ परेका छन् । ईण्डियन भेजा भनेर चिनिने पोखरा १३ बाझापाटनका ३० बर्षीय किरण गुरुङलाई लागूपथार्थ सहित पक्राउ गरिएको प्रहरीले जनाएको छ । वडा प्रहरी कार्यालय रामबजारबाट खटिएको प्रहरी टोलीले नर्फिन, डाईजापाम र फेनेरागन थान १७ र लागूऔषध बिक्री गरेको एक लाख ३५ हजार रुपैयाँ नगद सहित उनलाई पक्राउ गरेको हो । आफै लागूऔषध दुर्व्यशनी समेत रहेका उनले देशका बिभिन्न स्थानबाट लागुऔषध ल्याएर अन्य युवालाई बेच्ने गरेका थिए । उनलाई लागूऔषध मुद्धामा कार्वाही अघि बढाउने गरी जिल्ला प्रहरी कार्यालय कास्कीको हिरासतमा राखिएको छ ।

मणिपाल शिक्षण अस्पतालमा आन्दोलन

गोल्डेन न्यूज संवाददाता
पोखरा २३ पुस ।

तलव बृद्धिको माग सहित पोखराको मणिपाल शिक्षण अस्पतालका कर्मचारी आन्दोलित भएका छन् । दुई बर्षदेखि अस्पतालमा कार्यरत कर्मचारीको सेवा सुविधा बृद्धि नभएको भन्दै उनिहरुले दवावमूलक आन्दोलन थालेका हुन् । मनिपाल कर्मचारी समन्वय समितिले दवावमुलक कार्यक्रम अन्तर्गत विहिवार प्रशासन घेराउ गऱ्यो । माग पुरा गराउन भन्दै उनीहरुले पुस २४, २५ र २६ गते सम्म प्रशासन घेराउन गर्ने, २८ र २९ गते एम्वुलेन्स वाहेक अस्पतालका अन्य कुनैपनि सवारी सञ्चालन हुन नदिने कार्यक्रम तय गरेका छन् । त्यसपछि पनि माग सम्बोधन नभए पठन-पाठन ठप्प पार्ने उनीहरुले चेतावनी दिएका छन् । विगत दुई बर्षदेखि कर्मचारीको सेवा सुविधा बृद्धि नभएको र पटक पटक ध्यानाकर्षण गराउदा पनि ब्यबस्थापन गम्भीर नरहेको भन्दै कर्मचारीले आन्दोलन थालेका हुन् । समितिका अध्यक्ष विक्रम केसीले दिएको जानकारी अनुसार माग सम्बोधनको लागि अहिलेसम्म अस्पताल ब्यबस्थापन सँग ३० पटक वार्ता भयो । तर कर्मचारीको माग सम्बोधनको प्रयास भएन । गत असार ७ गते ११ बुदे माग पेश गरेपछि ब्यबस्थापनको तर्फबाट गठित वार्ता टोलीसँग ३० औं पटक सम्म वार्ता गरेपनि माग सम्बोधन नभएको उनले बताए । उनीहरुले ४० प्रतिशत तलव बृद्धिको माग राखेका छन् । तर अस्पताल ब्यबस्थापनले ४.५ प्रतिशत मात्र बृद्धि गर्न सकिने अडान लिएको छ । समितिका अनुसार मनिपालमा अहिले चिकित्सक बाहेक ६ सय ५० जना कर्मचारी कार्यरत छन् ।

भारतको नाकाबन्दी पहिलो होइन-बाँस्तोला

गोल्डेन न्यूज संवाददाता
पोखरा २३ पुस ।

नेकपा माओबादीका स्थाई समिति सदस्य धर्मेन्द्र बास्तोलाले भारतले नेपालमा लगाएको नाकाबन्दी पहिलो नभएको बताएका छन् । क्रान्तकारी पत्रकार संगठनले पोखरामा गरेको पत्रकार सम्मेलनमा नेता बाँस्तोलाले यो भन्दा पहिला पनि धेरै पटक भारतले नेपाल बिरुद्ध नाकाबन्दी गरिसकेको भएपनि नेपालको प्रणाालीको त्रुटीका कारण नेपालीहरुले दुःख पाएको बताएको बताए । देशको समस्या समाधानमा पनि अहिलेका सत्ताधारीहरुले सहमति गर्न लचकता अपनाउन पर्ने उनको भनाई थियो । अहिलेको समस्या समाधानका लागि सरकार फेरेर नहुने बाँस्तोलाको भनाई थियो । सरकारमा जो भएपनि केही फरक नपर्ने र प्रणाालीमा सुधार नभईन्जेल नेपाली जनताले मुक्ति नपाउने उनको भनाई छ । अर्को एक प्रसङ्गमा उनले अब ५२ सालको तरिकाले युद्ध नहुने बास्तोलाले स्पष्ट पार्दै क्रान्तिको तरिका पनि मौलिकतामा आउने बताए ।

संविधान संशोधन विधेयकमा २५ वटा संशोधन दर्ता

गोल्डेन न्यूज संवाददाता
पोखरा २३ पुस ।

संविधान संशोधनको विधेयक माथि विभिन्न राजनीतिक दलका तर्फबाट २५ संशोधनका प्रस्तावहरू संसद सचिवालयमा दर्ता भएको छ। सत्तारुढ दल नेकपा एमाले र आन्दोलनरत मधेसी मोर्चाको तर्फबाट संविधान संशोधनको प्रस्तावमाथि थप संशोधनको सूचना दर्ता नभएपनि सत्तारूढ घटक मध्येकै दोस्रो ठूलो दल एमाओवादीका १० जना सदस्यहरूले एउटै विषयमा एउटै भाषामा संशोधन दर्ता गराएका छन्।

विधेयकमाथि एमालेका कुनै पनि सदस्यले संशोधन दर्ता नगराएको विषयमा एमाले प्रमुख सचेतक भानुभक्त ढकालले आफ्नै पार्टी नेताको नेतृत्वमा रहेको सरकारले संशोधन विधेयक दर्ता गरेको अवस्थामा आफ्नै दलका सदस्यहरुले संशोधनको सूचना दर्ता गराउनु उचित नहुने निष्कर्षका साथ कुनै संशोधन दर्ता नभएको बताए। तर एमाओवादीका रामनारायण बिडारीसहित १० जना सदस्यहरुले संविधानको धारा ४२ को उपधारा १ मा फरक फरक संशोधन प्रस्तावको सूचना दर्ता गराएका छन्। त्यस अलवा प्रमुख विपक्षी दल कांग्रेसका मधेसी, दलित, आदिवासी, जनजाति, मुस्लिम लगायतका सदस्यहरुसँग संसदीय दलको कार्यालयमा छलफल गरेपछि पनि फरक फरक धारामा फरक फरक समूह र व्यक्तिका नाममा ६ वटा संशोधन प्रस्ताव दर्ता भएका छन्।

कांग्रेसका नेता विमलेन्द्र निधिको संशोधन प्रस्तावमा धारा ८४ को उपधारा १ को खण्ड (क) मा प्रतिनिधि सभामा समान जनसंख्या र भौगोलिक अनुकूलता तथा विशिष्टताका आधारमा र मधेसमा जनसंख्या प्रतिशतका आधारमा कानूनमा व्यवस्था भए बमोजिम मिश्रित निर्वाचन प्रणाली अनुरूप प्रत्येक निर्वाचन क्षेत्रबाट एकजना रहने गरी पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बमोजिम निर्वाचित हुने एक सय ६५ सदस्य रहने प्रस्ताव गरिएको छ। मधेसबाट प्रतिनिधित्व गर्ने ३२ जना सदस्यहरुको समर्थनमा निधिले राखेको प्रस्तावको दोस्रो दफामा संविधानको धारा २८६ को उपधारा ५ मा निर्वाचन क्षेत्र निर्धारण आयोगले यस धारा बमोजिम निर्वाचन क्षेत्र निर्धारण गर्दा धारा ८४ को उपधारा १ (क) को अधिनमा रही जनसंख्यालाई प्रतिनिधित्वको मुख्य आधार मानी जनसंख्या र सदस्य संख्याबीचको अनुपात यथासम्भव समान हुनेगरी निर्धारण गर्ने उल्लेख छ।

तर निधिसँगै संशोधन प्रस्ताव दर्ता गर्न पुगेका कांग्रेस सदस्य मिनेन्द्रप्रसाद रिजालले संविधानको धारा २८६ को उपधारा ५ मा निर्वाचन क्षेत्र निर्धारण आयोगले यस धारा बमोजिम निर्वाचन क्षेत्र निर्धारण गर्दा धारा ८४ को उपधारा १ (क) को अधीनमा रही

बाँकी २ पृष्ठमा......

गोल्डेन न्यूज राष्ट्रिय दैनिक अनलाइनमा पढ्न
Log on :
www.goldennews.com.np

कोरियन भाषामा भर्ना खुल्यो

नेपाल सरकारबाट कोरिया भाषाको स्वीकृति प्राप्त प्रेम कोरियन ल्याङ्ग्वेज इन्स्टिच्यूटमा कोरियामा ५ वर्ष बसी कोरियन भाषाको व्याकरण र उच्चारण विधि अध्ययन गरेर आउनुभएका ख्यातिप्राप्त शिक्षकद्वारा अडियो तथा भिडियो माध्यमबाट EPS-TOPIK कोर्ष अध्यापन गराइन्छ ।

ग्रुपमा आउनेलाई विशेष छुट

सम्पर्क
प्रेम कोरियन ल्याङ्ग्वेज इन्स्टिच्यूट
न्यूरोड, पोखरा (पूर्णिमा हल अगाडि, मेट्रो डेभलपमेन्ट बैंकसगै)
फोन : ०६१-५२०८५२, ९८१७१४४६३३, ९८४६०७७६१९

तुरुन्त आवश्यकता

पोखराको चिप्लेढुङ्गा, मानवअधिकारचोकमा संचालित चिनारी थकाली भान्छाघरका लागि निम्न कर्मचारी आवश्यक परेकाले ईच्छुक व्यक्तिले तुरुन्त सम्पर्क गर्नुहोला ।

क्र.सं.	पद	संख्या
१.	वेटर	केही
२.	डिसवासर	केही

पारिश्रमिक : आकर्षक तथा आपसी समझदारीमा

सम्पर्क : चिनारी थकाली भान्छाघर
मानवअधिकारचोक, चिप्लेढुंगा, पोखरा
फोन : ०६१-५२६३०९

सुवर्ण अवसर ! सुवर्ण अवसर !!

एपेक्स एकेडेमी काठमाडौं र पोखरा सनराइज एकेडेमी को संयुक्त पहलमा शाखा अधिकृत को प्रथम पत्र को लागि पश्चिमाञ्चलकै नमुना कक्षा यही माघ १ गतेबाट ६ गतेसम्म संचालन हुन गइरहेकोले आफ्नो सिट सुरक्षित गरी मौकाको फाइदा लिनुहोस् ।

Hurry Up!

विशेष आकर्षण :
-अनुभवी प्रशिक्षकद्वारा कक्षा लिइने ।
-लोकसेवाको मोडलमा प्रथमपत्रको Exam पुस २६ देखि ३० सम्म (बिहान ६:३० देखि ८:०० बजेसम्म)
-Orientation Class पुस २५ देखि (बेलुका ५:०० बजे)
-Exam मा मात्र सरिक हुनेलाई रु.१,५००।- मात्र

भर्ना हुने अन्तिम मिति : २०७२ पुस २२ (साथमा २ प्रति फोटो)
परीक्षामा उत्कृष्ट महिला, पुरुष, दलित, अपांग १/१ गरी ४ जनालाई छात्रवृत्ति दिइने ।

पोखरा सनराईज एकेडेमी
E-mail: pkrsunrise@gmail.com

के तपाई नेपालमै केही गर्न चाहानुहुन्छ ?

★ सिर्जना मिनी मार्केट ★

यहां भांडा, खाद्यान्न, फलफुल, तरकारी, लत्ताकपडा ब्यवसाय गर्न सकिन्छ ।

सुन्दर हेयर एण्ड ब्युटी

हामीकहाँ लेडिज एण्ड जेन्सको लागि Hair Cutting, Hair Colour, Skin Treatment, Hair Treatment, Head Massage, Hair Straight, Hair Curly, Hair Extension सबै ब्राण्डेड प्रोडक्टहरुद्वारा फेसियल गरिन्छ । साथै मेनी क्येर, पेडी क्येर पनि गरिन्छ । प्रत्येक सुविधामा १५ प्रतिशत छुटको व्यवस्था समेत गरिएको छ ।

सम्पर्क: ९८४६८५९३३० पोखरा ट्रेड मल, चिप्लेढुङ्गा (First Floor X2)

BABIN TAILORING
Shirting & Suiting

बबिन टेलरिङ नै किन ?

बबिन टेलरिङ सटिङ्ग एण्ड सुटिङ्ग

■ अरुको भनाइ अनुसार सधैं नचल। आफ्नो निर्णयलाई गुरु मान। अरुको बाटोमा हिंड्ने मानिस कहिल्यै उच्च कोटिमा पुग्न सक्दैन। - सेक्सपियर

साहित्य

मुक्तकहरु

✍तीर्थराज अधिकारी

परदेशमा गए पनि
जति टाढा भए पनि
मन हुन्छ स्वदेशमै
शरीर अन्त रहे पनि।
कति लात हान्न खोजें मैले आफूलाई
कति धाप लगाउन खोजें मैले आफूलाई
यो त अर्केले गर्ने विषय रहेछ साथी
अनि पो तिम्रो याद गराएँ मैले आफूलाई।

❖❖❖

मनका दुखाइहरू सहजै सहन सके
सागर जस्तै शान्त भएर बहन सके
कति सार्थक हुन्थ्यो होला यो जीवन
फूल जस्तै प्रफुल्ल मुद्रामा रहन सके।

❖❖❖

अकर्मण्यताको परिणति नै अभाव हुन्छ
जीवनभर चल्ने एउटा प्रक्रिया नै स्वभाव हुन्छ
त्यसैलाई मानवीय मूल्यको सरोकारमा लगाउने
उदात्त पवित्र भाव नै समभाव हुन्छ।

❖❖❖

लोभ ! लोभको पनि मात्रा हुँदोरहेछ
जति पल्टायो उत्ति पात्रै पात्रा हुँदोरहेछ
यसैले इज्जत भुईंमा खसाली दिदोरहेछ कहिले
त्यही टिप्न खोज्दा खोज्दै आफ्नै गाई जात्रा हुँदोरहेछ।
मसँग जे छ त्यो बाँडेर खाएँ
धैर्यसँग हिंड्ने बाटो समाएँ
लगनशिलता त सकेसम्म बाँडे
धन हैन मैले सन्तोष कमाएँ।

❖❖❖

स्वाभिमान गुमाएर अपमान सहिँदैन
अबीर खादा लाउँदैमा ठूलो बडो भइँदैन
आफ्नो उपस्थितिको कुनै मतलब हुँदैन भने
बेरोजगार भए होला मेलो खोज्दै गइँदैन।

❖❖❖

एउटा तारको पूल छ
स्कुल जानेको हुल छ
सित्तैमा तर्न कहाँ पाउँने र ?
त्यसमा पनि महशुल छ।

क्रमशः

आजको पञ्चाङ्ग

मिति २०७२ साल पौष २४ गते शुक्रबार, तदनुसार जनवरी ८ सन् २०१६, श्रीशाके १९३७, नेपाल संवत् ११३६, कीलकनामकः संवत्सरः, सूर्य पृथ्वीको दक्षिणी गोलार्द्धमा प्रवेश गरिसकेका छन्। हेमन्त ऋतु चलिरहेको छ। चान्द्रमान अनुसार पौषकृष्णपक्ष चलिरहेको छ। सौरमान अनुसार आज पौषकृष्णपक्षको चतुर्दशी तिथि अहोरात्र रहनेछ। आज सूर्य धनु राशिमा, चन्द्रमा वृश्चिक राशिमा ६ घटि ४३ पला अर्थात बिहानमा ९ बजेर ३९ मिनेटसम्म त्यसउप्रान्त धनु राशिमा प्रवेश गर्नेछ। आज दिनमान २६ घटि २ पलाको रहनेछ। आज सूर्योदय नेपालको काठमाडौं केन्द्रबिन्दुमा रहि बिहान ठीक ६ बजेर ५८ मिनेटमा विभिषण मुहूर्तमा हुनेछ भने सूर्यास्त साझ ५ बजेर २३ मिनेटमा हुनेछ।

आजको राशिफल

मेष : भूमि सम्बन्धि विवाद, वहस पैरवि कार्यक्रम स्थगित, सुनचाँदी कारोबारमा मन्दी आउनेछ दिन राम्रो रहनेछैन।
वृष : रोजगारीबाट आत्मसन्तुष्टि मिल्नेछ, नयाँ मित्रसंग भेटघाटको अवसर मिल्न सक्नेछ, मानसम्मानको अवसर।
मिथुन : मान्यजनबाट सहानुभूति, व्यापारिक कार्य सफल, साहित्य क्षेत्रबाट सफलता मिल्नेछ दिन शुभ छ।
कर्कट : व्यापार व्यवसायबाट घाटा हुन सक्नेछ, स्वास्थ्यमा एक्कासी खराबी आउन सक्नेछ, मानसिक चिन्तन हुनेछ।
सिंह : दाजुभाई बीच मनमुटाव हुने, दैनिक उपभोग्य सामग्रीको अभाव, शुरु गरेको विकास निर्माणको कार्य रोकिनेछ।
कन्या : कृषि कार्यबाट लाभ पाइने, मेहनत गरेको ठूलो राशिको धन हात लाग्ने, इष्टमित्रको सहयोगले अधुरा कार्य पूरा।
तुला : आर्थिक लेनदेनमा विवाद हुनेछ, धार्मिक कार्यमा दिन बित्नेछ, पठनपाठन क्षेत्र अस्तव्यस्थ हुने, दिन खराब छ।
वृश्चिक : नयाँ व्यवसाय गर्नेतिर मन जाने, पारिवारिक समस्या सुल्भिनेछ, लामो समयदेखि गरको कार्यमा सम्मान मिल्ने।
धनु : शत्रुबाट मानसिक पीडा थपिनेछ, पारिवारिक झगडाले ठूलै रुप लिनेछ, आफन्तबाट विशेष कार्यमा धोका हुने।
मकर : मित्रहरुको सहयोगले ठूलो काम सम्पन्न, वैदेशिक रोजगारको अवसर मिल्ने, स्त्रीपक्षबाट सुख प्राप्त हुने।
कुम्भ : सरकारीपक्षबाट सहयोग, नयाँ साथीसँग सम्बन्ध गासिने, सामाजिक सक्रियता, सहयोगी हातहरु बढ्दै जानेछन।
मीन : एकमुष्ट रकम संकलन, नविन कार्यको थालनी हुनेछ, दिन शुभ रहनेछ उपयोग गर्नु राम्रो हुन सक्छ।

राशिफल लेखक : युवा ज्योतिषी हरि पन्त, मो.९८४६१४७३६९

साहित्य/सिर्जना



केस्रा लेखनका चुनौती र सम्भावना

✍असफल गौतम

सन्दर्भ : नेपाली वाङ्मयको क्षेत्रमा आख्यान, गैह्र आख्यान र जापानी छन्दका कविताहरूले आफ्नो राज जमाइरहेका छन्। यस्तो वेलामा नेपाली माटोको सुगन्ध बोकेर एक विधाको प्रतिपादन भएको छ, त्यो हो केस्रा। यो सुखद् समाचार हो। विधिवत घोषणाका साथ केस्रा विधा लेखन थालिएको आज चार वर्ष बितिसकेका छन्। केस्रा विधाको समुन्नत भविष्य निर्माणका लागि केस्राको विधागत विकास र मार्ग निर्देशनार्थ विभिन्न गोष्ठी तथा सभा समारोह हुन थालेका छन्।

विषयप्रवेश: सतासीधाम-३ झापाका शेरबहादुर लावती र मिलन कुमारी माबोको कोखबाट जन्मेका सन्तानमध्येका असल सन्तान हुन् मौलश्री लिम्बु। १० जोड दुईसम्मको अध्ययन गरेका लिम्बु सन् २००६ देखि घरदेश छोडेर परदेश भाँसिए। मलेसियामा जिन्दगीको धुँवा उडाएर दुई चार पैसा जोडे। लाग्छ, उनले केही आर्थिक सम्वृद्धि बाहेक जीवनमा अरू केही गर्न सकेनन्। वर्षौं मलेशिया भाँसिएका मौलश्री गुमनाम नै रहे। लामो समयको अन्तरालमा उनले केही साहित्यिक विषयमा सोच्न थाले। चाणक्यले कतै भनेका छन्,

मनसा चिन्तितं कार्य वचसा न प्रकाशयेत्।
मन्त्रेण रक्षयेद् गूढं कार्ये चापि नियोजयेत्॥

मनले चिताएको काम कुरा बोलीद्वाराप्रकट गर्नुहुँदैन। मन्त्रणाद्वारा मनन् गरी चिताएको कुरालाई गोप्य नै राख्नुपर्दछ। अनि गोप्य तबरले चिताएको कामलाई कार्यका रूपमा परिणत गरेमा आफ्नो अभीष्ट पूरा गर्न सकिन्छ। लिम्बुले दार्शनिक चाणक्यले भने झैं नै गरे, पसिना बिक्री पछिको समय कहिल्यै खेर जान दिएनन्। त्यसैको उपज नेपाली वाङ्मयको क्षेत्रमा केस्रा विधाको प्रतिपादन भएर आयो। केस्रा शब्द र अर्थका बारेमा आम वाङ्मयप्रेमीलाई जान पहिचान छ। यसलाई परिभाषित गराइरहनु आवश्यक छैन। अबको आवश्यकता भनेको, पहिलो केस्रा लेखनलाई कसरी प्रोत्साहन गर्ने ? दोस्रो केस्रा लेखनमा रहेका चुनौतीहरू के हुन् ? त्यसको पहिचान गर्ने र तेस्रो भावी सम्भावना के छ ? भन्ने बारेमा गहन अध्ययन, विश्लेषण र छलफल गर्नु वर्तमान समयको माग हो। यसैले यस आलेखमा केस्रा विधाको समुन्नत भविष्यका लागि कसरी अगाडि बढ्न सकिन्छ भन्ने बारेमा मात्रै केन्द्रित रहेको छ।

प्रवर्तक मौलश्री लिम्बुले केस्रा विधाको प्रतिपादन गर्दाको समयमै ४२/४५ जना सर्जकहरू केस्रा लेखनमा लागे। केस्रा विधाको दस्तावेज केस्रा जो जीवन्त इतिहास हो आम पाठकका हातमै छ। आम नेपाली नेपालमा भित्रिएका विविध साहित्यिक विधालाई आफ्नो भूमीमा भिजाउन र आम सर्जकका मन मस्तिष्कमा रिजाउन वर्षौं समय खर्चेको अवस्थामा केस्रा लेखनमा निरास भइहाल्नुपर्ने अवस्था वर्तमान होइन। इतिहास साक्षी छ, निबन्ध शिरोमणि शंकर लामिछानेले जापानी संरचनामा नेपालमा हाइकु भित्र्याएको लामो समयसम्म हाइकु लेख्ने हाइजिनहरू जन्मनै सकेका थिएनन्। केस्रा लेखनमा त्यो निरासावादी पन छदैछैन यो यसको सवल पक्ष हो। किनकी हिजो विभिन्न सामाजिक सञ्जाल र मुहार पुस्तिकामा केस्रा लेख्न हतारिएकाहरू केस्राको दस्तावेजमा समावेश हुनुले केस्रा लेखन सबैको रूचिको विषय भएको प्रमाणित गरिदिएको छ। लेखनको चौथो वर्ष पूरा गर्दा नगर्दै दुई वटा एकल कृति प्रकाशन हुनु, यसका बारेमा विविध प्रतियोगिता सञ्चालन, विभिन्न पेजहरूको निर्माण गरी विश्वव्यापीकरण गरिनु यो सामान्य उपलब्धी र लेखनप्रतिको उदासिनता हुन सक्दैन।

केस्रा लेखनका चुनौती: जीवन चुनौती नै चुनौतीले भरिएको छ, जीवन जस्तै साहित्यका जुन सुकै विधाका पनि चुनौती हुन्छन्। यसर्थ केस्रा लेखनमा लाग्दाका सुरुवाती चरणमा आफ्नै प्रकारका चुनौती छन्। जसलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ,

❖ केस्रा विधा प्रतिपादन भएको चार वर्ष बितिसक्दा पनि केस्रा भनेको के हो भनेर जानकारी नै नभएका अन्य विधाका साहित्य साधकहरू अझै छन्। यसर्थ नेपाल अधिराज्यभर केस्रा विधाका बारेमा व्यापक प्रचारप्रसार हुन नसक्नु मुख्य चुनौतिका रूपमा रहेको देखिन्छ।
❖ पछिल्लो समय केस्राले जुन फड्को मार्नुपर्ने हो, त्यो हुन नसक्नु केस्राप्रेमी सर्जकहरूले समयको व्यवस्थापन गर्न नसक्नु हो। उनीहरू निरन्तर लेखनमा लाग्न पाएका छैनन्। सुरूवाती चरणमा केस्रा लेखनमा लागेका अधिकांश केस्राप्रेमी रोजगारीको सिलसिलामा परदेशमा रहनुले केस्रा लेखनमा फड्को मार्न सकिरहेको छैन।
❖ विगतमा केस्राप्रति आशक्ति राख्नेहरू रहरले केही लेखे तापनि यसमा रहेका संरचनागत जटिलताले गर्दा निरन्तरता दिन नसक्नु।
❖ वाङ्मयका क्षेत्रमा चाकडीको व्यापार फस्टाएको छ। उनीहरू बोक्रे आदर्श देखाउँछन् र साहित्यलाई घोडा बनाउछन्। केस्राप्रति बोक्रे आदर्श देखाउनेका कारण पनि यो विधा फस्टाउन सकेको छैन।
❖ नयाँ सजर्कहरू उल्लेख्य संख्यामा थपिइरहेका छन् नयाँ केस्राप्रेमी थपिनु र सुरूवाती चरणका लेखक निस्क्रिय रहनु बराबर जस्तै भएका कारणले श्रीवृद्धिमा लाग्नेहरूको संख्या कम देखिनु।

चुनौतीसँग सामना गर्न सक्नेहरू महाकवि बन्छन्, लक्ष्मीप्रसाद देवकोटाको जीवनमा लक्ष्मीले नपत्याएर दिएको चुनौती होस् या भूपी शेरचनले सिर्जना कर्ममा लागेर परिवारलाई दिएको चुनौती होस्। यी दुई विपरित धुव्रका चुनौती हुन्, भूपी आर्थिक र साहित्यिक दुवै हिसाबले सम्पन्न र महाकवि देवकोटा आर्थिक हिसाबले विपन्न। जे जस्तो भए तापनि मनमा अठोट भयो भने, मेहेनती र इमान्दारको जिन्दगीमा असफलता भन्ने कुरा शब्दकोष मै हुँदैन। यसर्थ केस्रा लेखनमा देखिएका यस्ता चुनौतीहरु एक पछि अर्को गर्दै हटाउँदै जान सकिन्छ।

केस्रा लेखनका सम्भावना: नेपालको सन्दर्भमा केस्रा लेखनको सम्भावना ज्यादै मौलाएर फस्टाउने सम्भावना देखिएको छ। किनकी वाङ्मयको क्षेत्रमा साहित्यका लघु विधाले निकै चर्चा पाएका छन्। चाहे गजल हुन, चाहे मुक्तक, हाइकु, ताङ्का, चोका, सेदोका। यी विधाका कृति वार्षिक सर्वेक्षण गरेर नै हेर्ने हो भने आख्यानको तुलनामा चार गुणा बढी प्रकाशन हुँदै आएका छन्। त्रिभुवन विश्वविद्यालय मातहतबाट विद्यावारिधी गर्ने शोधकर्ताहरू पनि लामा विधा भन्दा छोटा विधामा लागेका छन्। हिजो गजल विधामा विद्यावारिधि गर्ने एउटै मात्र सर्जक धनश्याम न्यौपाने परिश्रमी थिए। पछि कृष्णहरी बराल हुँदै कैयौं सर्जकहरू गजल विधामा विद्यावारिधि गर्न लागिरहेका छन्। मुक्तक, हाइकु, गीतलगायतका विधामा बहुसंख्यक साधकले विद्यावारिधी गरिसकेका र गर्न लागिररहेका छन्। यो सबै तथ्याङ्कले के देखाउँछ भने आम पाठकहरू पेटभरी दालभात खानु भन्दा अचार चटनी चाटेर पहिला जिब्रो पड्काउन चाहन्छन्, किनकी त्यसको स्वाद मनोरम् हुन्छ। यसैले केस्रा लेखनमा लाग्न चाहनेलाई प्रोत्साहन गर्ने, नेपाली साहित्यलाई विश्वव्यापीकरणका लागि यसमा रहेका केही संरचनात्मक पक्षलाई सिम्बोलिक अनुवादमा मान्यता दिने, विश्वभरी छरिएर रहेका र केस्रा लेखनमा लागेका सर्जकका सिर्जनालाई एकीकृत गरी संयुक्त कृति प्रकाशनका लागि पहल गर्ने, सीमित स्थानका सञ्चार माध्यममा सीमित केस्रा विशेष लेखन, प्रकाशन र प्रशारण कार्यक्रमको दायरालाई फराकिलो बनाउने जस्ता गतिविधि गर्न सकियो भने नेपाली वाङ्मयिक आकाशमा केस्रा लेखनको सम्भावना उज्ज्वल रहेको छ।

निष्कर्ष: केस्रा लेखनको भविष्य ज्यादै समुज्ज्वल रहेको छ। किनकी वर्तमान समय विज्ञानका विविध चमत्कारले फड्को मार्दै अगाडि बढे जस्तै आम मानवलाई समयले घिसारिरहेको छ। यस्तो अवस्थामा घर भित्र होस् या बाहिर सबैलाई छोटो मीठोको संस्कारले समातेको छ। यात्रामा निस्केका यात्रीहरू जति नै सौखिन भए तापनि उनीहरू झट्पट-झट्पट, पानीपुडी-चट्पट्मा जिब्रो पड्काउन लालाहित नै हुन्छन् त्यसैले कालान्तरमा केस्राको रसमा आम वाङ्मयप्रेमी साधकहरू एक दिन लठ्ठिने छन्। त्यो लठ्याइका निम्ती यसको व्यापक प्रचारप्रसार र केस्रा लेखनमा लागेकालाई समय(समयमा झम्झक्याउन सकियो भने अवश्य नेपाली माटोमा फुलेको, नेपाली माटोको वास आएको केस्राले एकदिन सफलताको शिखर चुम्ने छ यसमा आशंका गर्नै पर्दैन।

प्रस्तुत लेख केस्रा लेखन मञ्चद्वारा झापाको झिलझिलेमा आयोजित अन्तर्राष्ट्रिय सङ्गोष्ठीमा प्रस्तुत कार्यपत्रको सम्पादित रुप हो।

सन्दर्भ सूची:

असफल गौतम (२०७०), मौलश्री र नयाँ विधा केस्रा, पोखरा : आदर्श समाज दैनिक,
.... (२०७०), दुई केस्रा, स्पन्दन, स्याङ्जा : चित्रेभञ्ज्याङ साहित्य सदन,
.... (२०७२) केस्र लेखन, सम्भावना र चुनौती, झापा : सतासी साप्ताहिक
अर्याल, मदनप्रसाद (२०६६) चाणक्य जीवनी र नीतिशास्त्र, काठमाडौं : एभरेष्ट गीता निकेतन,
आङ्देम्बे, राज (२०७१), सहयात्री, पाँचथर : केस्रा लेखन मञ्च,
लिम्बु मौलश्री (२०७०), केस्रा, नेपाल : केस्रा लेखन मञ्च,
श्रेष्ठ, श्रीओम (२०७०), मधुपर्क, काठमाडौं : गोरखापत्र संस्थान।

संविधान...

जनसंख्यालाई प्रतिनिधित्वेको मुख्य आधार र भूगोललाई प्रतिनिधित्वको सहायक आधार मानी प्रत्येक प्रदेशमा निर्वाचन क्षेत्र निर्धारण गर्ने प्रस्ताव राखेका छन्। दसजना सदस्यहरुको समर्थन रहेको उक्त प्रस्तावमा रिजालले प्रदेशभित्रका प्रत्येक जिल्लामा कम्तिमा एक निर्वाचन क्षेत्र रहने प्रस्ताव रहेको छ। निधि र रिजालको प्रस्ताव लगत्तै कांग्रेसका अर्का सदस्य प्रकाशशरण महतले धारा २८६ को उपधारा ५ मा निर्वाचन क्षेत्र निर्धारण गर्दा जनसंख्यालाई प्रतिनिधित्वको मुल आधार र भूगोलको विकटता र विशिष्टतालाई समेत आधार मानी निर्वाचन क्षेत्र यथासम्भव जनसंख्या र सदस्य संख्याबीच समान हुने गरी निर्धारण गर्ने प्रस्ताव दर्ता गरेका छन्। महतले यसरी निर्वाचन क्षेत्र निर्धारण गर्दा भौगोलिक रुपमा विकट र हिमाली जिल्लाहरुमा कम्तिमा एक एक सिट सुनिश्चित हुने गरी बाँकि पहाड र तराई मधेसका जिल्लाहरुमा समान जनसंख्याको आधारमा निर्वाचन क्षेत्र कायम हुने पर्ने प्रस्ताव राखेका छन्।

निधिले र रिजालको प्रस्ताव भन्दा फरक प्रस्ताव राखेका महतले आफ्नो संशोधन प्रस्तावबारे व्याख्या गर्दै भने, उहाँहरुको प्रस्तावले जनंख्याको आधारमा मात्रै निर्वाचन क्षेत्र निर्धारण गर्दा विकट हिमाली र दुर्गम पहाडी जिल्लालाई न्याय हुन सक्दैन। तसर्थ यसअघिकै जस्तो हिमाली, विकट जिल्लामा १४ वा १२ कति क्षेत्र हुन्छ छुट्याएर बाँकि रहेको पहाडी र तराई मधेसका जिल्लामा समान जनसंख्याका आधारमा निर्वाचन क्षेत्र निर्धारण गर्नु न्यायोचित हुन्छ।

आफ्नो प्रस्ताव अनुसार निर्वाचन क्षेत्र निर्धारण गर्दा तराई मधेस र पहाड हिमालमा तीन सिटभन्दा बढी फरक नपर्ने दाबी गर्दै महतले तराई मधेसमा पनि पहाडी समुदायको जनसंख्या रहेकोले दुर्गम हिमाली क्षेत्रका लागि निर्वाचन क्षेत्र निर्धारण गर्दा सिंगो देशले नै भार बेहोर्नु पर्ने बताए।

जनसंख्याकै आधारमा तराईका २० जिल्लालाई ५० प्रतिशत भन्दा बढी निर्वाचन क्षेत्र छुट्याएर हिमाल पहाडले बाँकि मिलाउनु पर्छ भन्ने तर्क गलत भएको भन्दै महतले भने, झापा, मोरङ, सुनसरी, रुपन्देही, लगायतका कतिपय जिल्लामा पहाडी समुदायको बाहुल्यता छ। तर त्यहा तराई मधेसको नाममा जनसंख्याको आधारमा निर्वाचन क्षेत्र हुनु पर्छ भन्ने हो भने हुम्ला, जुम्ला लगायतका विकट हिमाली जिल्ला पछि तराई मधेस दुर्गम हो र रोल्पा, रुकुम लगायतका पहाडी जिल्ला सबै सुगम जिल्ला हुन भन्नु पर्यो। होइन भने भौगोलिक विकटता र विशिष्टतालाई पनि ध्यान दिन जरुरी छ। कांग्रेसकै रोमी गौचन थकालीले पनि धारा ८४ को उपधारा १ मा हाल कायम रहेका विकट हिमाली जिल्ला र दुर्गम पहाडी जिल्लामा हाल कायम रहेको निर्वाचन क्षेत्र कायम रहने प्रस्ताव गरेका छन्।

यता, आन्दोलनरत संघीय लोकतान्त्रिक राष्ट्रिय मन्च (थरूहट) की सभासद रुक्मिणी चौधरीले पनि संविधान संशोधनको विधेयकमा संशोधनको सूचना दर्ता गरेकी छन्। उनले धारा ४२ को संशोधन प्रस्तावमा जाति जनसंख्याका आधारमा राज्यका हरेक निकायमा पूर्ण समानुपातिक प्रतिनिधित्वको ग्यारेन्टी हुने व्यवस्था गर्न माग गरेकी छन्।

त्यसैगरी उनले संविधानको उक्त धारामा उल्लेखित १५ वटा समूहलाई घटाएर दलित, महिला, आदिवासी जनजाति, मधेसी, थारु, मुस्लिम, अपांगता भएका व्यक्ति र पीछडा वर्ग गरी ८ समूहबाहेक अरू सबै हटाउन प्रस्ताव गरेकी छन्। संविधान संशोधन विधेयकमाथि दर्ता भएका संशोधन प्रस्तावमाथि नियमावली अनुसार सभामुखले पुस २९ गतेको बैठकपछि आवश्यक निर्णय लिने छन्। प्रमुख तीन दल र आन्दोलनरत मधेसी मोर्चाबीच सहमति हुन सकेमा सभामुखले दर्ता भएका सबै प्रस्तावहरुमध्ये फिर्ता नलिएका प्रस्तावलाई संसदमा दफावार छलफलका लागि पेश गर्नेछन्। छलफलमा भाग लिने सदस्यहरुको संख्यालाई ध्यान दिँदै सकभर माघको २ देखि ३ गतेभित्रै दफावार छलफलसँगै संसदमा निर्णयार्थ पेश गरी पारित गर्ने तयारीमा रहेको सत्तारुढ दल एमालेका एक नेताले बताए। प्रमुख विपक्षी दल कांग्रेसले आफ्नो पार्टीको अधिवेशनमा खटिन ढिलाइ भएको भन्दै माघ ३ भित्रै संविधान संशोधन विधेयक पारित गर्न दबाब दिएको कारण पनि संसदको बैठक धेरै लामो समय चल्ने अवस्था छैन, ती एमाले नेताले भने।

सेनाका ४ बढुवा

काठमाडौं २३ पुस।

सरकारले नेपाली सेनाका १२ उच्च अधिकारीको बढुवा गरेको छ। मन्त्रिपरिषद बैठकले सहायक रथीद्वय जगदीशचन्द्र पोखरेल र देवकुमार सुवेदीलाई उपरथीमा बढुवा गरेको हो। मन्त्रिपरिषद स्रोतका अनुसारका महासेनानीहरू सूर्यप्रसाद खनाल, शैलेन्द्रसमसेर थापा, बालकृष्ण कार्की र सुरेन्द्रविक्रम राणालाई सहायक रथीमा बढुवा गरिको छ। प्रमुख सेनानी (लेफ्टिनेन्ट कर्णेल) नारायण सिलवाल, ध्रुवप्रकाश शाह, कृष्णराज आचार्य, यामबहादुर सापकोटा, दिनेशकुमार केसी र हरेन्द्र पाठकलाई महासेनानी (कर्णेल) मा पदोन्नति गरिएको छ।

नेपाल घटुवा

काठमाडौं २३ पुस।

विश्व फुटबल महासङ्घ (फिफा)को विश्व बरियतामा नेपाल दक्षिण एसियाकै पुछारमा झरेको छ। फिफाले सार्वजनिक गरेको बरियताअनुसार चार स्थान तल झरेको नेपाल १९६ औं स्थानमा पुगेको छ। अघिल्लो महिना नेपाल १९२ औं स्थानमा रहँदा दक्षिण एसिया क्षेत्रको पुछारमा श्रीलङ्का दुई स्थान तल अर्थात १९४ औं स्थानमा थियो।

तु-अवश्यकता

काउन्सिलर/रिसेप्सनिष्ट -२/२ जना
प्याराग्लाइडिङ रिसेप्सनिष्ट-२ जना
होटल म्यानेजर/रिसेप्सनिष्ट-१/२ जना
सेल्स ब्वाई/गर्ल्स -२/२ जना
बाइक/स्कूटी लाइसेन्स भएको - ४ जना
कम्पनीभित्र/हेल्पर -१०/४ जना
कुक/कुक हेल्पर/वेटर -२/३/४ जना
A.N.M./C.M.A./सरसफाइ -३/४/१ जना
सन्ध्या कन्सल्टेन्सी, बुद्धचोक, पोखरा
०६१-४३२६९०, ६९६९८३, ९८४६१६६५८०

बैंक व्यालेन्स

बैंक व्यालेन्स सर्टिफिकेट तथा बैंक ट्रान्सफर गर्नुपरेमा हामीलाई सम्झनुहोस्। सम्पर्क ९८२६१-०६६०२

विदेश जानेहरूका लागि सुवर्ण अवसर

Macow, Abudabi को Spark, Middle East, Star र Al Jaber Coin दुवई र कतारको Grup-4 Security कम्पनीहरुमा जान चाहनेहरुलाई यस प्रा.लि.बाट अन्तर्राष्ट्रिय स्तरको सेक्युरिटी गार्ड तालिम र अंग्रेजी भाषाको तयारी कक्षाहरु संचालन भैरहेको हुँदा इच्छुक व्यक्तिले तु-सम्पर्क गर्नुहोला।
हाम्रा विशेषताहरू :- तयारी कक्षा धमाधम चलिरहेको छ।
❖शतप्रतिशत उत्तीर्ण गराउन सफल ❖आफ्नै मेनपावर कम्पनीबाट प्रोशेस गराइने।
❖१ वर्षमा ३ सय भन्दा बढी सेक्यूरिटी गार्डमा पास गराउन सफल
सम्पर्क फेवा सेक्यूरिटी एण्ड वर्कर सर्भिसेज प्रा.लि.
पृथ्वीचोकबाट १०० मिटर तल (एयरपोर्ट जाने बाटो)
मुक्तिनाथ विकास बैंकको अगाडि, पोखरा विजनेश कम्प्लेक्स सटर नं. ३०,
फोन:०६१-५५०२५२, मो. ९८४६०-४१४९२

"रंगहरूको अन्तिम गन्तव्य"
आकर्षक एवं विश्वसनीय रंगरोगनका लागि सम्झनै पर्ने पसल
योर्स ट्रेड कन्सर्न
एशियन पेन्टस्, रोयल ईस्पायराका साथै सिपेजको समस्या सावधान, वाटर प्रुफिङ गरिन्छ।
फोन : ०६१-४३०१६४, मो. ९८५६०३०९८७, ९८४६३३६३५१
अमरसिंहचोक, पोखरा, कास्की
डिलरः एशियन पेन्ट
नेपालमा सर्वाधिक रूचाईएको पेन्ट

कोइराला र पौडेलबीचको टकराव विस्तारै सतहमा

गोल्डेन न्यूज संवाददाता
काठमाडौं २३ पुस ।

कांग्रेसको आसन्न १३ औं महाधिवेशनमा संस्थापन पक्षबाट सभापतिका प्रत्यासी को हुने भन्नेमा सभापति सुशील कोइराला र उपसभापति रामचन्द्र पौडेलबीच बढेको टकराव विस्तारै सतहमा आउन थालेको छ । अनौपचारिक तहमा सभापतिको घोषणा गरी देश दौडाहामा लागेका पौडेललाई रोक्न कोइराला अघि बढेका छन् । भोलिका लागि विराटनगरमा पौडेल नेतृत्वको नीती प्रतिष्ठानले कार्यक्रम तय गरेकै दिन कोइरालाले केन्द्रिय समिति बैठक बोलाएका भए पनि बैठक सारिएको छ ।

पौडेल नेतृत्वमा रहेको केन्द्रीय नीति तथा प्रशिक्षण प्रतिष्ठानले १० दिनअघि शुक्रबारका लागि विराटनगरमा संविधानका विशेषताका बारेमा पार्टी कार्यकर्ताहरुलाई जानकारी दिन प्रशिक्षण कार्यक्रम राखेको थियो । प्रदेश नम्बर १ का पार्टी अगुवा कार्यकर्तालाई संविधान सम्बन्धी जानकारी दिने पार्टीको कार्यक्रम अन्तर्गत प्रशिक्षण राखिएको हो ।

यो कार्यक्रमलाई असफल बनाउन शुक्रबार नै कोइरालाले केन्द्रिय समितिको बैठक राखेपछि दुई नेताबीचको टकराव प्रष्टै देखिएको हो । कोइरालालाई नै प्रमुख अतिथि बन्ने निम्तो दिइएको र एक दर्जन केन्द्रिय सदस्यले टिकट काटिसकेपछि बैठक जुधाइएको थियो । तर, पार्टीका थुप्रै नेताले यसमा असन्तुष्टि प्रकट गरेपछि २४ गते बोलाइएको केन्द्रिय समिति २६ गतेलाई सारिएको छ । धनगढीमा भएको प्रशिक्षणमा पनि कोइराला सहभागी भएका थिएनन् । विराटनगर प्रशिक्षणको प्रमुख अतिथि बनिदिन पौडेलले कोइरालाई मौखिक रुपमा जानकरी गराएका थिए भने एक साताअघि पौडेल पुत्र चिन्तनले कोइरालालाई निवासमै पुगेर औपचारिक पत्र पनि दिएका थिए ।

अधिवेशनको मुखमा आयोजना भएकाले कार्यक्रममा सहभागी हुन एक दर्जन बढी केन्द्रीय सदस्यले जहाजको टिकट लिइसकेका छन् । प्रशिक्षण भनिए पनि पौडेलको चुनावी अभियानसँग जोडिएको भन्दै असन्तुष्ट बनेका कोइरालाले सोही दिन केन्द्रीय कार्यसमितिको बैठक बोलाएर असफल बनाउने रणनीति लिएको पौडेल पक्षको बुझाइ थियो । स्रोतका अनुसार कांग्रेस महामन्त्री कृष्णप्रसाद सिटौलाले कार्यक्रम रोक्न पौडेललाई आग्रहसमेत गरेका थिए । पार्टीको महाधिवेशनका लागि निर्वाचन निर्देशिका तत्काल अनुमोदन गरेर जानु पर्ने भएकाले २४ गते बैठक बोलाईएको बताउदै कार्यक्रम रोक्न प्रतिष्ठानका पदाधिकारीहरुसँग आग्रह गरेको बताइएको छ । तर, प्रतिष्ठानले कार्यक्रम नरोक्ने भनेपछि कतिपय केन्द्रीय सदस्य जाने कि नजाने दोधारमा परेका बेला केन्द्रिय समिति नै सारिएको हो । 'कार्यक्रममा जाँदा यो त पौडेलको मान्छे रहेछ भनेर भनिदिने डर भएको थियो,' कोइराला निकट अर्का एक केन्द्रीय सदस्यले भने, 'दुई नेताको टकरावमा हामी पो चेपुवामा पर्न थालेका छौं ।' आफूसँग सल्लाह नै नगरी उम्मेदवारी घोषणा गरेर प्रचारमा लागेको भन्दै कोइराला पौडेलसँग चिढिएका हुन । कोइरालाले संस्थापन पक्षका नेताहरुसँग परामर्श नगरी प्रचारमा नजान पौडेललाई बारम्बार आग्रह समेत गरेका थिए । तर, त्यस विपरित पौडेलले आफू नेतृत्वमा रहेको नीति तथा प्रशिक्षण प्रतिष्ठान मार्फत आफ्नो अभियान देशव्यापी थालेपछि दुई नेताबीचको सम्वन्ध पनि चिसिदै जान थालेको हो ।

भित्रि रुपमा कोइराला १३ औं महाधिवेशनमा आफैं उम्मेदवार बन्ने बुझेपछि पौडेलले उनलाई दबाब दिन अभियान थालेका हुन । पौडेलले गत शनिबार कोइरालाप्रति लक्षित गर्दै व्यक्तिलाई हेरेर आफ्नो उम्मेदवारीबाट पछि नहट्ने बताएका थिए ।

रकम सहयोग

पोखरा २३ पुस ।

लेखनाथ नगरपालिका वडा न ५, कालिकाचोकमा निर्माणाधीन भवनको सहयोगार्थ बिहीबार एक कार्यक्रमको आयोजना गरि सात लाख रुपैयाँ हस्तान्तरण गरिएको छ । कार्यक्रमका प्रमुख अतिथि तथा भाट समाज नेपाल पश्चिमान्चल क्षेत्रीय समितिका अध्यक्ष तोयबहादुर भट्टराई भाटले लेखनाथ इकाईका अध्यक्ष मिमबहादुर कनियाल भाटलाई र इकाई अध्यक्ष मिमबहादुर कनियालभाटले भवन निर्माण समितिका संयोजक ठाकुरप्रसाद रानाभाटलाई हस्तान्तरण गरेका थिए । अध्यक्ष तोयबहादुर भट्टराईभाटले आफूले बोलेको सहयोग एक लाख रुपैयाको चेक निर्माण समितिका अध्यक्ष ठाकुरप्रसाद रानाभाटलाई प्रदान गरेका थिए । सो अवसरमा हालसम्म ५० लाखभन्दा बढी रकम संकलन भएको जानकारी भवन निर्माण समिति संयोजक ठाकुर प्रसाद रानाभाटले बताए । कार्यक्रममा उपस्थित भै लेखनाथ ५ पन्धेरामाथी निवासी युवराज रानाभाट (राम्जी)ले एक लाख, बिजयपुर निवासी मानबहादुर राजभाटले एक लाख आर्थिक सहयोग गर्ने वचन दिएका थिए । कार्यक्रममा भाट समाज नेपाल केन्द्रिय महासचिव देबेन्द्र रानाभाट, सदस्य राजेन्द्रकुमार रानाभाट, क्षेत्रीय सल्लाहकार चन्द्रबहादुर रानाभाट, कास्की जिल्ला अध्यक्ष रमेशबहादुर रानाभाट, समाजसेवी कोपिला रानाभाट, जग्गादाता ओमबहादुर बञ्जाराभाट, क्षेत्रीय समितिका कार्यबाहक सचीव असफल गौतम रानाभाट, कोषाध्यक्ष कृष्ण रानाभाट, सदस्य चम्फा रानाभाट लगायतले बोलेका थिए ।

बिग एफएमद्वारा मोवाइल एप्लिकेशन निर्माण

गोल्डेन न्यूज संवाददाता
पोखरा २३ पुस ।

विग एफएमले आफ्ना स्रोताहरुका लागि थप सुविधा विस्तार गरेको छ । ईन्टरनेट पुस्ताका स्रोताहरुलाई लक्षित गर्दै उसले पश्चिमाञ्चल क्षेत्रमै पहिलो पटक 'मोबाईल एप्लिकेसन' तयार पारेको छ । 'मोबाईल एप्लिकेसन' मा पनि स्रोताहरुले देश विदेशमा एफएम प्रत्यक्ष सुन्न सक्नेछन् । ईन्टरनेट र मोबाईलमार्फत विग एफएम सुन्ने स्रोताहरु दिनप्रतिदिन बढ्दै गएपछि उनीहरुलाई सजिलोका लागि एफएमले 'एप्स' तयार पारेको एफएमका अध्यक्ष महेश भण्डारीले बताए । 'प्रविधिको विकाससँगै एफएमको स्तरोन्नती गर्ने क्रममा हामी 'एप्स' सिस्टममा गएका हौं ।' अध्यक्ष भण्डारीले भने- 'यसले एफएमलाई विश्वव्यापी बनाउन सघाउनेमा हामी विश्वस्त छौं ।' पश्चिमाञ्चल क्षेत्रमा एउटा

एफएमले यसरी मोबाईल एप्लिकेसन सार्वजनिक गरेको पहिलो पटक भएको उनले दाबी गरे । पहिलो चरणमा 'गुगल एप्लिकेशन सेन्टर'मा मात्र विग एफएमको यो एप्लिकसन प्राप्त हुनेछ । एन्ड्रोईड मोबाईल प्रयोगकर्ताहरुले 'गुगल एप्स'मा गएर 'विग एफएम १०१.२' सर्च गरेर यसलाई डाउनलोड गर्न सक्नेछन् । अहिलेलाई एप्पल मोबाईल प्रयोगकर्ताहरुका लागि यो 'एप्स' प्राप्त हुनेछैन । एप्पल मोबाईल प्रयोगकर्ताहरुका लागि पनि 'एप्स' निर्माण भैरहेको र चाँडै त्यसलाई पनि सार्वजनिक गरिने एफएमले जनाएको छ ।

मोबाईलमा यो एप्स डाउनलोड गरेपछि विग एफएमले अपलोड गर्ने सम्पूर्ण समाचार, भिडियो र अन्य सामाग्रीहरु प्रयोगकर्ताहरुले सहजै प्राप्त गर्नेछन् । विग एफएमले अपलोड गर्ने सामाग्रीहरु एउटै 'क्लिक'मा प्रयोगकर्ताहरुले व्यवस्थित रुपमा पाउने एफएमले जनाएको छ ।

विग एफएमले यो भन्दा अगाडि पनि ईन्टरनेट तथा एन्ड्रोईड मोबाईल प्रयोगकर्ताहरुको लागि एफएम सुन्ने व्यवस्था गरेको थियो । यद्यपि यो अहिले अझै बढि परिस्कृत रुपमा तयार भएको 'मोबाईल एप्स' भएको एफएमका कार्यक्रम सँयोजक संजोग बस्यालले जानकारी दिए । विग एफएमले छैठौं विग आईकन संचालन गरिरहेको छ । विग आईकन सुन्न चाहने स्रोताहरुका लागि पनि यो मोबाईल एप्लिकसनले थप सुविधा प्रदान गर्ने एफएमले जनाएको छ ।

लेखनाथमा ट्राफिक सचेतना

गोल्डेन न्यूज संवाददाता
पोखरा २३ पुस ।

लेखनाथ सामुदायिक सेवा केन्द्रले बढ्दो सबारी दुर्घटनालाई न्युनिकरण गराउने उद्देश्यले ट्राफिक जनचेतना मूलक कार्यक्रम संचालन गरेको छ। लेखनाथ सामुदायिक सेबा केन्द्रका कार्यबाहक अध्यक्ष दयाराम तिवारी सहितका पदाधिकारी र अस्थाई ट्राफिक पोष्ट डाडाको नाकको सहयोगमा विहिबार पृथ्वीराजमार्गमा दुई घण्टे ट्राफिक सचेतना कार्यक्रम सहित ट्राफिक नियमका बारेमा जानकारी गराईएको हो।

चेक जाचको क्रममा १ सय भन्दा बढि मोटरसाईकलका सबारी चालकलाई हेल्लमेट, ब्लुबुक, लाईसेन्सका बारेमा जानकारी गराईएको थियो भने ५०वटा बस तथा ट्रक र ३०बटा कार जिपहरु लाई सवारी साधान चलाउँदा अपनाउनु पर्ने होसियारीका बारेमा जानकारी गराईएको थियो। चेकजाच कै क्रममा १५ वटा सवारी साधनलाई कारवाही गरिएको र त्यसबाट करिव ४ हजार बराबरको राजश्व संकलन भएको प्रहरी नायव निरीक्षक महेन्द्र रानाभाटले जानकारी दिए ।

अमेरिकन डेभ्लोम्याटिक सेक्युरिटी तालिमको अवसर

Abudabi को PSBD : Spark, Middle est-Star Skill Force दुवको DPS : Etisaleel star कतारको Group-4 बहराईन, मकाउ आदि देशहरुमा सेक्युरिटी गार्डमा जान चाहने व्यक्तिहरुलाई यस प्रा.लि बाट अन्तर्राष्ट्रिय स्तरको Diplomatic सेक्युरिटी गार्डमा तालिम, अंग्रेजी भाषा र अन्तरर्वार्ताका तयारी कक्षाहरु संचालन भई रहेको हुँदा ईच्छुक व्यक्तिहरुले तुरुन्त सम्पर्क गरी आफ्नो मौकाको फाईदा उठाउनु होला ।

हाम्रा सेवाहरु :

१. 100% उत्तीर्ण गराउन सफल !
२. आफ्नै मेन पावरबाट प्रोसेस गराइने (फिस लेडर इम्प्लाइमेन्ट सर्भिस प्रा.लि.)
३. DPSL PSBD का Objective & Mobel question Answer को Practical गराइने
४. व्यवहारिक एवं सैद्धान्तिक ज्ञान पूर्ण रुपमा हासिल गराइने ।
५. १ वर्षमै ५ सय भन्दा माथि सेक्युरिटी गार्ड पास गराउन सफल ।

आर्मर ग्रुप सेक्युरिटी एण्ड सप्लायर प्रा.लि.
सम्पर्क : ९८४६३५५३४२ (डिसी अर्याल), ९८५६०२३८६२ (जितबहादुर)
९८०६७०८२४६, ९८०६७०८२४७, ०६१-५३०७२४ (अफिस)
(पृथ्वीचोकबाट १०० मिटर तल, एयरपोर्ट जाने बाटोमा, मुक्तिनाथ विकास बैंकको ठीक अगाडि, पोखरा विजनेश कम्प्लेक्सको दोस्रो तला)

सानो योजनाले गाउँको विकास हुन नसकेको गुनासो

गोल्डेन न्यूज संवाददाता
पोखरा २३ पुस ।

कास्कीको नामार्जुङ गाविसका नागरिकहरुले ठूला योजना नबनाएकाले गाउँको विकास हुन नसकेको बताएका छन् । सानासाना योजनामा मात्रै हाम्रो ध्यान गयो, उनीहरु भन्छन्-ठूला योजना बनाउन कसैले सिकाएनन् पनि, अहिले सरकारले पठाएको बजेटबाट देखिने गरी एउटै योजना पनि छैन । गाविसमा आएका बजेटजति कनिका छरेझैं छरेकै कारण उपलब्धी नदेखिएको स्थानीय देवीजंग गुरुङ बताउँछन् । यहाँका नागरिकहरु थोरै रकममा पनि लुछाचुँडी गर्छन्, उनले गुनासो गरे- १०/१२ लाख रुपैयाँको बजेट सय भन्दा बढी योजनामा छुट्याउनुपर्छ । आगामी दिनमा राम्रा र ठूला योजनामा बजेट विनियोजन गर्न उनले आग्रह समेत गरेका छन् । गाविस सचिव शिवप्रसाद पनेरु पनि साना योजना सञ्चालनमा समस्या परेको बताउँछन् । परिषद्का बेला साना योजनामा पनि बजेट विनियोजन हुन्छ, उनले भने-कार्यान्वयन गर्ने बेला थोरै बजेट भनेर योजना सम्झौता गर्नै आउँदैनन् ।

यस्तै स्थानीयहरुले जिम्मेवार व्यक्तिहरुमा स्थानीय निकायको निर्देशिका जानकारी नभएकाले पनि टुक्रे योजनामा बजेट विनियोजन भएको गुनासो गरेका छन् । नामार्जुङकै राम गुरुङले राजनीतिक दल र वडा नागरिक मञ्चका पदाधिकारीलाई नै निर्देशिका जानकारी नहुँदा योजना छनौट अन्यौलपूर्ण भएको बताए । गाउँ विकास समितिको २४ औं परिषद् तथा चालू बर्षको पहिलो सार्वजनिक सुनुवाई कार्यक्रममा सहभागीहरुले गाविसको भवन नहुँदा सेवाग्राही मारमा परेका, पर्यटकीय क्षेत्रको विकास र विस्तार हुन नसकेको लगाएतका गुनासो गरे । जवाफमा गाविस सचिव शिवप्रसाद पनेरुले गाविस भवन निर्माणको चरणमा रहेकाले छिट्टै सम्पन्न हुने जानकारी दिएका छन् । यस्तै पर्यटन विकासका लागि पनि तल्लो तहबाटै योजना माग हुनुपर्ने उनको सुझाव छ । हामीले माथीबाट योजना हाल्नै होईन, उनले भने- नागरिकहरुले बस्ती र वडाबाट योजना पठाउँदैमा पर्यटन लक्षित योजनाहरु प्राथमिकतामा पारे बजेट विनियोजन गर्न सजिलो हुन्छ । सार्वजनिक सुनुवाई कार्यक्रमको सहजीकरण पत्रकार प्रकाश ढकालले गरेका थिए । कार्यक्रममा राजनीतिक दलका प्रमुख तथा प्रतिनिधिहरुले आगामी दिनमा गाविसको आन्तरिक श्रोत बृद्धी र निर्देशिका अनुसार ठूला योजना छनौट गर्ने प्रतिबद्धता जनाए ।

नामार्जुङ गाउँ विकास समितिले बिहिबार २४ औं परिषद् समेत सम्पन्न गरेको छ । २४ औं परिषद्बाट आगामी आर्थिक बर्ष २०७३/७४ मा सञ्चालन हुने गरी ४५ लाख रुपैयाँको योजना पारित गरेको गाविस सचिव पनेरुले जानकारी दिए । चालू बर्षको संशोधित योजनाको बारेमा समेत छलफल भएको थियो ।

पियनका विद्यार्थीलाई ग्यास वितरण

गोल्डेन न्यूज संवाददाता
पोखरा २३ पुस ।

अनेरास्ववियु भूगोल कमिटीको नेतृत्वमा पोखराको पृथ्वीनारायण क्याम्पसमा बुधबार ग्यास वितरण गरिएको छ । कमिटीले पृथ्वीनारायण क्याम्पसमा अध्ययनरत विद्यार्थीहरु लाई परिचय पत्रको आधारमा गृहलक्ष्मी कम्पनीका २ सय ५० वटा ग्यास वितरण गरेको हो । विभिन्न विद्यार्थी संगठनको रोहवरमा आधा सिलिन्डरको ग्यास ७ सयको दरमा उपलब्ध गराइएको कमिटीले जनाएको छ । अनेरास्ववियु कास्की भुगोलका अध्यक्ष शेखर गौतमले पहिलो क्रेता आशबहादुर थापालाई ग्यास हस्तान्तरण गरेका थिए । नाकाबन्दीका कारण ग्यास अभाव भएको अवस्थामा विद्यार्थीहरुलाई सहज होस भन्ने अभिप्रायले ग्यास वितरण गरेको अनेरास्ववियु भुगोल कमिटीका अध्यक्ष शेखर गौतमले बताए । विद्यार्थीलाई उपलब्ध गराउने प्रतिवद्धता सहित अनेरास्ववियु भुगोल कमिटीले विभिन्न डिपोहरुसँग विद्यार्थीलाई कोटा प्रणाली अन्तर्गत केही ग्यास उपलब्ध गराउन आग्रह गरेको छ ।

कमिटीले आगामी दिनमा विभिन्न डिपोहरुसँग सहकार्य गरेर पोखराका अन्य क्याम्पसहरुबाट समेत विद्यार्थीलाई ग्यास वितरण गर्ने जनाएको छ ।

खुशीको खबर !

के तपाईलाई लागोभागो भई छेदभेद गर्दै हुनुहुन्छ ? चिन्ता नगर्नुहोस्, अकलाको गउडो पार लगाउने देवी हुनुहुन्छ । साथै ढाड दुखेको, वाथ, शुत्री, बाँझोपन हटाउने ग्याष्ट्रिक,रक्सी छुटाउने औषधि समेत पाइन्छ । *महिनावारी भएको ७ दिन र जूठो परेको १ वर्षपछिमात्र आउने ।*

अकलादेवी चढेकी अधिकारी (मिरुवाचोक प्रतिक्षालय नजिक)
वडा नं. २ घर नं. २ । सम्पर्क : ९८४६२८५९५९

सस्तोमा जहाज टिकट

सस्तोमा राष्ट्रिय, अन्तर्राष्ट्रिय हवाईजहाज टिकट तथा टुरिष्ट बस टिकट चाहिएमा साथै विदेशमा सामान पठाउनु परेमा हामीलाई सम्झनुहोस् ।

World Int'l Travels & Tours Pvt. Ltd.
Newroad, Darbarthok Marga, Pokhara-9
Ph: 061-523753, 526409, 9856032747

पोखरामा पहिलो पटक

यौनवर्द्धक : लिङ्गको साइज, पावर बढाउन, शिघ्र स्खलन रोक्न, विश्व विख्यात हर्बल सप्लिमेन्ट उपकरण, मसाज तेल (महिला पुरुष दुबैको लागि)
- स्तन बढाउन, घटाउन, टाइट गर्न, नितम्ब कसिलो बनाउन, पेटको चिरा हटाउन।
- केश झर्न रोकी उमार्ने तेल, Hair Building Fibers.
- Cuit Face बनाउन स्य अमृत (Inddian), Fair Look
- उचाई बढाउन Step Up, Triple Height
- तौल बढाउन (B.D.P) Body Buildo घटाउन (More Slim)
- थाहै नदिई जाँड रक्सी चुरोट, खैनी, गाँजा तथा ड्रग्स छुटाउन।
- ढाँड तथा जोर्नी दुखाई ठिक पार्न, सन्धी सुधा पेनकिल।

अब Facebook मा www.facebook.com/Pokhara Herbal Home

पोखरा हर्वल होम्स
(भाटभटेनीको ठिक अगाडि) न्युरोड, पोखरा
061-539070, 9856035331, 9804122919

प्रो. वद्री के.सी. : ९८५६०२९८४६
प्रो. गोपाल बहादुर कार्की : ९८५६०३१८७२
प्रो. राजेश के.सी. : ९८५६०३७३१७

ईन्द्रेणी क्याटरिङ एण्ड पार्टी प्यालेस
चापापानीमार्ग, पोखरा-१२, फोन : ०६१-५२५६४६, ५२७३०४

शुभ-विवाह, जन्मोत्सव, अन्नप्राशन, व्रतवन्ध, पिकानक, सेमिनार तथा अन्य कुनैपनि कार्यक्रमका लागि टेण्ट, लाइट, डेकोरेशन एवं फुल तथा हाफ क्याटरिङका साथै कुक चाहिएमा हामीलाई सम्झनुहोस् ।

(हामीकहाँ २०० गाडी अटाउने पार्किङ पनि छ ।)

अनेक समस्या सफल उपचार

ग्याष्ट्रिक: खाना रुचि नहुने, अमिलो पानी आउने, भुसिल्को डकार आउने जस्तो सुकै पुरानो ग्याष्ट्रिकको सफल उपचार ।

यौन समस्या:- लिङ्ग स्खलन, उत्तेजना नहुने, लिङ्ग चिलाउने, स्वप्न दोष जस्तो सुकै यौन समस्याको सफल उपचार ।

महिला सम्वन्धि समस्या

महिनावारी गडबडी, सेतोपानी बग्ने, योनी चिलाउने, तल्लो पेट ढाड कम्मर दुख्ने, पेट तथा छातीमा भएको सेतो धर्सा हटाउने, स्तन बढाउने तथा घटाउने तथा टाईट गर्ने, यौन चाहानामा कमी हुने जस्तो सुकै समस्याको आयुर्वेदिक पद्धतिबाट सफल उपचार ।

जाँड रक्सी थाहा नदिई केहि दिनमै छुटाउने

सुन्दरता:- कालो चायाँ पोतो, डण्डिफोर, दाग धब्बा, मस्सा, कोठी, चाउरीपन हटाई पुरै शरिर गोरो बनाउने ।

थप उपचार:- प्रेशर, सुगर, जण्डिस, पिनास, पाइल्स, दम साथै बाथ, ढाड कम्मर, हाड जोर्नी पुरै शरिर दुःखाई ठिक पार्ने मसाज तेल ।

शितल आयुर्वेद फर्मा
पृथ्वीचोक, पोखरा, मुक्तिनाथ विकास बैंकको अगाडि पोखरा इलेक्ट्रोनिक्स भवन भित्र
फ्रि होम डेलिभरि
फोन नं.०६१-५३१८६७, ०६-१२२९९९८, मो. ९८४६१३७४१८

दम्सादी–पहलतरा जोड्न झोलुङ्गेपुल बन्ने

गोल्डेन न्यूज संवाददाता
पोखरा २३ पुस ।

पोखरा उपमहानगरपालिका वडा नं २४ कृष्तीनाच्ने चौरको दम्सादीबाट उपमहानगर पालिकाको वडा नं १७ स्थित पहलतरा जोड्ने फुस्रे खोलामा माथि झोलुङ्गे पुल निर्माण हुने भएको छ । पुलको अभावमा वर्षौंदेखि लगभग डेढ घण्टा पैदल हिंड्न बाध्य कृष्तिनाच्ने चौर, निर्मलपोखरी लगायत स्थानका स्थानीयवासी सो पुल निर्माण सम्पन्न भए पछि भने १० मिनेटमा आवत-जावत गर्न सक्ने भएका छन् ।

सस्पेन्सन ब्रीज डिभिजन कार्यालयद्वारा एक करोड २२ लाख ५० हजार रुपैयाँको लागतमा निर्माण गर्न लागिएको दुई सय ७६ मिटर लम्बाईको पुलको एक कार्यक्रमकाबीच व्यवस्थापिका संसद विकास समितिका सभापति रविन्द्र अधिकारीले आज शिलान्यास गरे । कार्यक्रममा उनले पोखराको नजिक रहेर पनि पुलको अभावमा ओझेलमा परेको यस क्षेत्रको विकास आगामी दिनमा बढेर जाने विश्वास व्यक्त गरे । प्रचुर पर्यटकीय सम्भावना बोकेको यस स्थानको विकासका साथै आसपासका कास्कीको निर्मलपोखरी, स्याङ्जाको पौवै गौंडे, टक्सार, फेदीखोला लगायतका स्थानका सर्वसाधारणका लागि पनि पुल अत्यन्त उपयोगी हुने उनले बताए ।

पोखरा विमानस्थल शिलान्यास आगामी माघ १६ गते हुने गरी तयारी भैरहेको बताउँदै सभापति अधिकारीले विकास निर्माणमा सबै राजनीतिक दलको सामुहिक प्रतिवद्धता र सहयोग आवश्यक हुने धारणा राखे। पोखरा र यस आसपासका क्षेत्रको विकासका लागि उत्तरमा केरला नाकादेखि दक्षिणमा सुनौलीलाई जोड्नुपर्नेमा उनको जोड थियो । झोलुङ्गे पुल उपभोक्ता समितिका अध्यक्ष तारानाथ आचार्यले पुलकै अभावमा लामो समयदेखि पिडामा रहेका सर्वसाधारणलाई पुल निर्माण हुने कुराले अत्यन्त उत्साहित बनाएको धारणा राखे । झोलुङ्गे पुल निर्माणका लागि हेमकुमार श्रेष्ठ, वेदनाथ आचार्य र भीमलाल आचार्यले आवश्यक जग्गा उपलब्ध गराएका थिए ।

सस्पेन्सन ब्रीज डिभिजन कार्यालयका डि.ई कुमार थापा,स्थानीय विकास अधिकारी रामचन्द्र तिवारी, पोखरा उपमहानगरपालिका कार्यालयका कार्यकारी अधिकृत झलकराम अधिकारी, एनेकपा माओवादी कास्कीका अध्यक्ष दीपक कोइराला, नेकपा एमालेका सचिवालय सदस्इ तेजनारायण अधिकारी, नेपाली काँग्रेस क्षेत्र नं ३ का सचिव रघुनाथ पराजुली, नेपाल पत्रकार महासंघका केन्द्रीय सदस्य शुश्मा पौडेल, निर्माण व्यवसायी ओम गौचन, उपभोक्ता समितिका सल्लाहकार इन्द्रमणि आचार्य लगायतले झोलुङ्गे पुलको निर्माणसँगै यस क्षेत्रमा वासोवास गर्ने कृषक, अध्ययनरत विद्यार्थी, कर्मचारी लगायतले आ-आफ्नो भनाइ राखेका थिए ।

पुरुष/महिला नकआउट फुटवल प्रतियोगिता हुने

गोल्डेन न्यूज संवाददाता
पोखरा २३ पुस ।

लमजुङको पर्यटकीय गाउँ गिलुङमा क्वोइ च्हों देवी खुल्ला पुरुष तथा महिला नकआउट फुटवल प्रतियोगिता हुने भएको छ । गिलुङको चिसापानीस्थित मिलन युवा क्लवको आयोजनामा यहि माघ २ गतेदेखि ६ गतेसम्म प्रतियोगिता हुने भएको हो । स्थानीय बुद्धोदय उच्च माविको ४१ औं बार्षिकोत्सवका अवसरमा प्रतियोगिताको आयोजना गरिएको क्लवका अध्यक्ष सन्तोष गुरुङले जानकारी दिए ।

अध्यक्ष गुरुङले क्लवले यसअघि वर्षेनी विद्यालय प्राङ्गणमा प्रतियोगिताको आयोजना गर्दै आएको बताए । प्रतियोगितामा सहभागिताका लागि माघ १ गते टिम दर्ताको अन्तिम मिति रहको बताइएको छ । पुरुष फुटवलतर्फ प्रतियोगितामा प्रथम र द्वितीय हुने टिमले क्रमशः नगद ५० हजार र ३० हजार रुपैयाँसहित शिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन् । महिला फुटवल प्रतियोगितातर्फ प्रथम हुने टिमलाई नगद १५ हजार रुपैयाँ र द्वितीय हुने टिमलाई नगद ७ हजार रुपैयाँसहित शिल्ड, मेडल र प्रमाणपत्र प्रदान गरिने छ । विद्यालयको वार्षिकोत्सव समारोहमा माघ ६ गते विजयी टिमलाई पुरस्कार वितराण गरिने अध्यक्ष सन्तोष गुरुङले जानकारी दिए । प्रतियोगिताका अवसरमा क्लवले विविध साँस्कृतिक कार्यक्रम पनि आयोजना गर्ने उनले बताए । २०४२ सालमा स्थापित मिलन युवा क्लवले २०५४ सालदेखि खुल्ला पुरुष फुटबल प्रतियोगिता आयोजना गर्दै आएको छ । क्लवले यहि वर्षदेखि महिला फुटवल प्रतियोगिता पनि समावेश गर्न लागेको हो । प्रतियोगितामा कास्की र लमजुङका फुटबल क्लवहरुले सहभागिता जनाउने गरेका छन् । राष्ट्रिय खेलाडीहरुको समेत सहभागिता रहने प्रतियोगितामा गतवर्ष सहभागि १७ टिमलाई हराउँदै लमजुङको करापुटारस्थित रामबजार क्लवले उपाधि जितेको थियो ।

गिलुङको पर्यटन प्रवर्द्धनमा फुटवल प्रतियोगिताले महत्वपूर्ण भुमिका खेलेको लायन्स क्लव अफ अन्नपूर्णका पुर्वअध्यक्ष आशिष गुरुङले बताए । 'गिलुङमा विगत दुई वर्षदेखि ३० घरमाम होमस्टे समेत सञ्चालन गरिएको छ', उनले भने, 'फुटवल हेर्न आउने पाहुँनालाई बसोबासको लागि कुनै समस्या हुँदैन ।' प्रतियोगिताकै अवसरमा गुरुङ संस्कृतिमा आधारित घाटु नाँच र कृष्णचरित्रको पनि प्रदर्शन गरिने गुरुङले जानकारी दिए ।

स्टेप बाइ स्टेप उच्च माविमा स्पोर्टमिट शुरु

गोल्डेन न्यूज संवाददाता
पोखरा २३ पुस ।

स्टेप वाई स्टेप उच्च मा.वि. मासबार पोखराले आफ्नो वार्षिक कार्यतालिका अनुसार कक्षा ११ र १२ (व्यवस्थापन/विज्ञान संकाय) को स्पोर्ट मिट सुरु भएको छ । सदनात्मक रुपमा विद्यालयकै खेल मैदानमा सञ्चालित स्पोर्टमिट दुई दिवसीय रुपमा सञ्चालन भइरहेको छ। स्पोर्ट मिटमा छात्र/ छात्रा भलिबल, बास्केटबल, टेबल, टेनिस लगायतका खेलहरू खेलाइएका छन् ।

विद्यालयका प्राचार्य निर्मला बरालले विद्यार्थीहरू अनुशासित र मेहेनतका साथ खेल क्षेत्रमा लागि पढाइका अलवा आफूलाई यस क्षेत्रमा स्थापित गर्न सक्षम हुनेमा जोड दिए । यसैगरी विद्यालयका संस्थापक निर्देशक रमाकान्त बरालले शिक्षा र खेलकुद एउटा रथका दुई पाङ्ग्रा भएकोले विद्यार्थीले दुवैलाई एकसाथ बढाउनु पर्नेमा जोड दिए । निजी उच्च मा.वि.हरूले आफ्नो विद्यार्थीलाई खेलकुदको क्षेत्रमा पनि अगाडि बढाउन आफूले कुनै कसर बाँकी नराख्ने बताए ।

प्राचार्य बरालले खेल रेफ्रीलाई बल हस्तान्तरण गरी उद्घाटन गरीएको खेलको संयोजकत्व विद्यालयका खेल शिक्षक विमल गुरुङ्ले गरेका थिए । बास्केटबल मा ग्यालिलियो सदनका संजोक कार्की, सुवर्ण पाहारी, सुनिल गौतम, प्रशन्नराज गिरी, आशिष थापा, विराज सुबेदी र सन्देश पाइजा पुनको समूह विजयी भएको थियो भने माकोर्नी सदनको समूह दोस्रो भएको थियो ।

त्यस्तै भलिबलतर्फको मार्कोनी सदन र न्युटन सदनको फाइनल शुक्रबार हुनेछ । प्रतियोगितामा बास्केटबलतर्फ मार्कोनी सदनका अशोक क्षेत्री हाइ स्कोरर ल्याउन सफल भएको विद्यालयका ंद्द उप-संयोजक संजय बरालले बताए ।

फेवासंग सम्बन्ध तोड्दै, सिद्धार्थसंग जोड्दै विजनेश

गोल्डेन न्यूज संवाददाता
पोखरा २३ पुस ।

सिद्धार्थ बैंक लिमिटेड र बिजनेस युनिभर्सल डेभलपमेन्ट बैंक बीच मर्जर सम्बन्धी समझदारी पत्रमा हस्ताक्षर भएको छ । मर्जर सम्बन्धी समझदारी पत्रमा सिद्धार्थ बैंकका तर्फबाट सञ्चालक हेमन्त ज्ञवाली र युनिभर्सल डेभलपमेन्ट बैंकका तर्फबाट सञ्चालक दिनेश शंकर पालिखेले हस्ताक्षर गरेका थिए । मर्जर पश्चात् सिद्धार्थ बैंक लिमिटेडको नाम बाट संयुक्त कारोवार हुनेछ । समझदारी अनुसार मर्जरपछि बन्ने संस्थाको कुल पुँजी रु ३ अर्ब ४९ करोड पुग्ने बिजनेस युनिभर्सल डेभलपमेन्ट बैंकका प्रमुख कार्यकारी अधिकृत मनोहर के.सीले बताए । मर्जर सम्बन्धी सम्पूर्ण कार्य २०७३ साल वैशाख मसान्तसम्म सक्ने बैंकको लक्ष्य रहेको छ । यसका साथै मर्जर प्रयोजनका लागि दुवै संस्थाको शेयर कारोबार पौष २३ गते देखि नै रोक्का गरिएको छ । चालु आर्थिक वर्ष २०७२/७३ को आश्विन मसान्तसम्ममा सिद्धार्थ बैंक र बिजनेस युनिभर्सल डेभलपमेन्ट बैंकको संयुक्त रुपमा रु. ३६ करोड ५२ लाख सञ्चालन मुनाफा (नोक्सानी व्यवस्था अघिको) रु. ५१ अर्ब ७० करोड कुल निक्षेप र रु.४३ अर्ब ७० करोड कर्जा रहेको छ । मर्जर पश्चात् बैंकले नेपालभर ६५ शाखा, ७२ एटीएम र ६४ स्थानमा शाखारहित बैंकिङ्ग सेवाको माध्यमबाट उच्चस्तरीय बैंकिङ्ग सेवा प्रदान गर्ने बताइएको छ । केही समय अघि बजिनेश युनिभर्सल डेभलपमेन्ट बैंक र पोखरामा फेवा विकास बैंकबीच मर्ज हुने सम्झौता भएको भएपनि फेवामा विवादका कारण मर्जर प्रक्रिया स्थगित भएको थियो ।

फुटवल आजदेखि

गोल्डेन न्यूज संवाददाता
पोखरा २३ पुस ।

पांचौ एसओएस बगर भाइखलक एट ए साइड भेट्रान फुटवल प्रतियोगितामा आज शुक्रबारदेखि शुरु हुने भएको छ । स्वास्थ्यको लागी एक घण्टा ब्याम, पूर्व खेलाडीको लागी सहयोग भन्ने मूल नाराका साथ आयोजना हुन लागेको प्रतियोगिता २८ गतेसम्म सञ्चालन हुने छ । प्रतियोगितामा काठमाडौंको ८, बिरगन्जको २, हेटौडाको २, चितवनको १ , बुटवलको १ र पोखराको १० टीम गरी २४ टीमले भाग लिने बगर भाइखलकका अध्यक्ष दिल वहादुर गुरुङले जानकारी दिए । प्रतियोगितामा प्रथम हुने टीमलाई ४४ हजार ४ सय ४४ र द्वितिय हुने टीमलाई ३३ हजार ३ सय ३३ नगद, शिल्ड, मेडल र प्रमाण पत्र प्रदान गरिने आयोजकले जनाएको छ । स्वास्थ्यका लागि एक घण्टा ब्यायम, पूर्व खेलाडीका लागि सहयोग भन्ने मूल नाराका साथ आयोजना हुन लागेको पांचौ प्रतियोगितामा ३० को दशकमा फुटवल क्लव स्थापना गरी फुटवल खेलको विकासमा विशेष योगदान पुऱ्याएको भन्दै पोखरा दीप १६ निवासी पूर्व खेलाडी इन्द्र गौचनलाई सम्मान गरिने आयोजकले जनाएको छ ।

नेपाल आर्चरी संघको अध्यक्षमा दीपक गुरुङ

गोल्डेन न्यूज संवाददाता
पोखरा २३ पुस ।

नेपाल आर्चरी संघको अध्यक्षमा दीपक गुरुङ बिहीबार निर्विरोध निर्वाचित भएका छन् । आर्चरी संघको तेश्रो अधिवेशनले अघिल्लो कार्यसमितिका महासचिव गुरुङको अध्यक्षतामा १३ सदस्यीय केन्द्रीय कार्यसमितिको समेत निर्विरोध चयन गऱ्यो । बसन्त थकाली र कर्म गुरुङ उपाध्यक्षमा सर्वसम्मत चुनिए । सचिवको जिम्मेवारी सम्हाल्दै आएका रमेशप्रसाद सिवाकोटी महासचिवमा पदोन्नति भए । योगेन्द्र शेरचनले सचिव तथा भरतकुमार गुरुङले कोषाध्यक्षको जिम्मेवारी पाए । किशोरकुमार गुरुङ, झवलिङ गुरुङ, विनोदकुमार श्रेष्ठ, देवराज पाण्डे, नरेन्द्र डंगोल, कृष्णामाया स्याङ्तान तथा महेन्द्र ताङवे गुरुङ सदस्यमा चयन भए । उनीहरुलाई राष्ट्रिय खेलकुद परिषद् (राखेप) अन्तर्गत संघ संस्था समन्वय शाखाका प्रमुख एवं प्रमुख निर्वाचन अधिकृत डेमबहादुर बस्नेतले प्रमाण पत्र वितरण गर्नुका साथै शपथ खुवाए । त्यसअघि साधारणसभाको नेपाल ओलम्पिक कमिटीका अध्यक्ष जीवनराम श्रेष्ठले उद्घाटन गरेका थिए । उद्घाटनका अवसरमा आर्चरी संघले आर्चरी खेलको विकास र विस्तारमा योगदान पुऱ्याएवापत किशोरकुमार गुरुङ (केके) र पूर्व प्रहरी अतिरिक्त महानिरीक्षक रामकाजी बान्तवालाई सम्मान गरेको थियो । अध्यक्ष श्रेष्ठले उनीहरुलाई सम्मान पत्र प्रदान गरे ।

सवारीमा छुट नपाएपछि विद्यार्थीद्वारा विरोध

गोल्डेन न्यूज संवाददाता
पोखरा २३ पुस ।

सार्वजनिक सवारीमा विद्यार्थीलाई दिंदै आएको सहुलीयत नपाएको भन्दै एकीकृत माओवादी समर्थित विद्यार्थी संगठन अखिल क्रान्तिकारीले बिहीवार पोखरामा केहि वेर सवारी सञ्चालनमा अबरोध गरेको छ । पोखराको बगरस्थित पृथ्वीनारायण क्याम्पस अगाडि प्रदर्शन गर्दै उनीहरुले केहिबेर सवारी संचालनमा अबरोध पुऱ्याए ।

नाकाबन्दी यता पेट्रोलियम पदार्थको अभाव देखाउदै यातायातमा विद्यार्थीलाई दिंदै आएको छुट नदिएको उनीहरुले बताए । स्थानीय प्रशासनलाई दुई पटकसम्म जानकारी गराउँदा पनि सहुलियत नपाएको र यातायात ब्यवसायीले मनपरी भाडा अशुलेकाले आन्दोलित भएको विद्यार्थी नेता क्षितिज सापकोटाले जानकारी दिए । विद्यार्थी सहुलियत कार्यान्वयनमा नआए आगामी दिनमा पोखराको सार्वजनिक सवारी ठप्प पर्ने उनले चेतावनी दिए ।

इनरह्वीलबीच क्वीज

गोल्डेन न्यूज संवाददाता
पोखरा २३ पुस ।

पोखरामा चार वटा इनर ह्विल मिलेर इनर ह्वील क्वीज कन्टेस्टको आयोजना सम्पन्न गरेका छन् । इनर ह्विल पोखरा मिड टाउन, इनर ह्विल पोखरा क्लव, इनर ह्विल अन्नपूर्ण, इनर ह्विल न्युरोडले प्रतिस्पर्धा गरेका थिए । प्रतियोगितामा इनर ह्विल न्युरोड प्रथम र इनर ह्विल अन्नपूर्ण रनरअप भएका थिए । विजयीले इनर ह्वील डे काठमाडैंमा १० जनवरीमा हुने प्रतियोगिताका लागि भाग लिनेछन् । कार्यक्रम टप्स उमाविमा भएको इनर ह्विल पोखरा मिड टाउनकी प्रसिडेन्ट भक्ति गुरुङले जानकारी दिइन् । कार्यक्रम डिस्ट्रिक एडिटर सरसिज पालिखेले सञ्चालन गरेका थिए ।

होमस्टे संचालका लागि आवश्यक सामान प्रदान

पोखरा २३ पुस ।(गोल्डेन)

एशियन फोरमद्वारा कार्यान्वयन गरी आएको जेएमडिआई होस्ट परियोजनाले कालावाङ्ग घरेडीका होमस्टे सञ्चालकहरुलाई होमस्टेका लागि आवश्यक सामानहरु एक कार्यक्रमका बीच हस्तान्तरण गरेका छन् । होमस्टे सञ्चालनका लागि आधारभूत पूर्वाधार, शौचालय, वाथरुमका निर्माणका लागि सामाग्रीहरु लगायत सुत्ने कोठा, किचनका सर-सामानहरु वितरण गरिएका थिए । यसका साथै थप सहयोग स्वरुप २ वर्षको अवधिका लागि विना ब्याज रु १२ लाख प्रदान गरिएको बताए । भर्खर मात्र दोस्रो अनुगमन भ्रमण गराई आवश्यक तालिमहरु १ वर्षको अवधिमा दिइसकेको र अव पायोजना समापन हुन लागेको कार्यक्रम संयोजक प्रकाश विश्वकर्माले बताए । जेएमडिआई फोकल पोइन्ट मोहेन्दु चेम्जोङ्गले जेएमडिआईद्वारा प्रदान गरिएको सबै सहयोगको पूर्ण लाभ लिई गाउँ विकासमा अग्रसर हुन आग्रह गरे । युएनडीपीको नेतृत्व तथा आईओएम, आइटिसी आएलओ, युएनवुमेन, युएनएचसिएर, युएनएफपिए तथा युनिटारको साझेदारीमा ग्रामिण पर्यटनले आप्रवासन कम गरी गाउँलाई स्वावलम्वी बनाउने, दिगो विकास गर्ने र स्थानीय संस्कृतिलाई होमस्टे मार्फत प्रर्वद्धन गर्न युरोपियन युनियन र स्वीस सरकार विकास सहयोगको आर्थिक सहयोगमा जेएमडिआई होस्ट परियोजनाको कार्यान्वयन एशिया मानव अधिकार तथा सांस्कृतिक विकास मञ्च (एशियन फोरम) ले कार्यान्वयन गरिआएको छ ।

पोखरा लेडी जेसीजमा पदस्थापन

गोल्डेन न्यूज संवाददाता
पोखरा २३ पुस ।

पोखरा लेडी जेसिजको २८औं अधिवेशनबाट निर्वाचित पदाधिकारीको पदस्थापना गरिएको छ । लेडिस जेसिजका २०१५ का अध्यक्ष जोर्जिना भट्टराईले २०१६ का अध्यक्ष प्रमिला सुवेदीलाई मंगलबार साँझ पदभार हस्तान्तरण गरेका हुन् ।

कार्यक्रमका प्रमुख अतिथि नेपाल जेसिसका पूर्व राष्ट्रिय अध्यक्ष प्रदीपमान वैद्यले जेसिज विधिको शासनबाट संचालित रहेको बताए । पोखरा उपमहानगरपालिकाका कार्यकारी अधिकृत झलकराम अधिकारीले लेडिज जेसिसले महिलाहरुमा नेतृत्व किास गर्ने र क्षमतावान बनाउने र महिलाहरुको क्षमता विकास र समाजलाई गतिशील प्रदान गर्ने कार्यमा सहयोग गर्नेमा जोड दिए ।

नयाँ अवधारणा प्रस्तुत गर्दै २०१६ कि अध्यक्ष प्रमिला सुवेदीले आफ्नो कार्यकालमा 'स्वतन्त्रता र समानता आजको आवश्यकता' मूल धारणाका साथ अगाडि बढ्ने बताइन् । उनले पिछडिएका वर्ग, सडक बालबालिका, महिलाहरुमा समान किसिमका हक अधिकार पाउनुपर्ने जोड गर्ने बताइन । अहिलेको वर्तमान नेपालमा राष्ट्रपति, सभामुख महिला भएको खुसी व्यक्त गर्दै पुरषसँगै सरह महिला आउने सक्छन भन्ने उदाहरण बन्दै गएको बताए ।

कार्यक्रममा लेखनाथ जेसिसका बर्ष २०१५ का अध्यक्ष विनोद लामिछाने, पोखरा जेसिस वर्ष २०१५ का अध्यक्ष छवि सुवेदी, काठमाडौं जेसिस वर्ष २०१५ का अध्यक्ष सवनम महर्जन, पोखरा लेडी २००७ का अध्यक्ष मिनु श्रेष्ठ, रेडियो नेपालका क्षेत्रीय प्रमुख धुव्रराज ढकाल, पोखरा जेसिसका पूर्व अध्यक्ष तिलकराम पौडेल लगायतले बोलेका थिए ।

एन्फाद्वारा बिदाई

गोल्डेन न्यूज संवाददाता
काठमाडौं २३ पुस ।

अखिल नेपाल फूटवल संघ (एन्फा) ले बङ्गबन्धु गोल्डकप खेल्ने टोलीलाई बिहीबार बिदाइ गरेको छ। बिहीबार नै बङ्गलादेश पुग्ने टोलीले सिल्हेटमा आफ्नो पहिलो खेल आगामी शनिबार मलेसिया विरुद्ध खेल्ने छ। नेपाल रहेको समूह 'ए'मा मलेसियासँगै श्रीलङ्का र आयोजक बङ्लादेश पनि छन्।

नेपाली टिमको प्रशिक्षक बालगोपाल महर्जन र गोलकिपिङ प्रशिक्षक उपेन्द्रमान सिंह रहेका छन्। नेपाली टोलीमा आदित्य चौधरी, एलन न्यौपाने, अनन्त तामाङ, अन्जन बिष्ट, विकेश कुथु, विक्रम लामा, विमल घर्तीमगर, विराज महर्जन, विशाल राई, देवेन्द्र तामाङ, हेमन गुरुङ, जगजित श्रेष्ठ, जङबु शेर्पा, कमल श्रेष्ठ, मान बहादुर तामाङ, नवयुग श्रेष्ठ, प्रकाश बुढाथोकी, रबिन श्रेष्ठ, रन्जन बिष्ट, सुमन लामा, सुनिल बल र तेज तामाङ रहेका छन् ।

यसैगरी नेपाली यु १९ क्रिकेट टोलीले अफगानिस्तानको यु १९ टिमसँग दुई वटा अभ्यास खेल खेल्ने भएको छ। भारत भ्रमणमा रहेको नेपाली युवा टोलीले आगामी पुस २७ र २९ गते दिल्लीमा अफगानी यु १९ टोलीसँग अभ्यास खेल खेल्ने तय भएको क्रिकेट एसोसिएसन अफ नेपाल क्यानले जनाएको छ।

बंगलादेशमा हुने यु १९ विश्वकपको तयारीको रूपमा यसअघि नेपाली टोलीले भारतको हिमाञ्चल क्रिकेट एकेडेमीसँग दुई अभ्यास खेल खेलेको छ। जसमा एकमा हार र एकमा जित हासिल गरेको छ।

तुरुन्त आवश्यकता

पोखराको चिप्लेढुङ्गामा रहेको सामुदायिक रेडियो सुनौलो एफ.एम. १०२.२ मेगाहर्जका लागि १ जना रेडियो प्राविधिकको आवश्यकता परेको हुँदा ईच्छुक र योग्य व्यक्तिले आफ्नो सम्पूर्ण कागजपत्र सहित कार्यालय समयभित्र सम्पर्क गर्नुहोला ।

तलव : आकर्षक/आपसी समझदारीमा

सम्पर्क : सुनौलो एफ.एम. १०२.२ मेगाहर्ज

मानवअधिकारचोक, चिप्लेढुंगा, पोखरा

फोन : ०६१-५३२४४६, ५३९४५५

सुनौलो पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित गोल्डेन न्यूज राष्ट्रिय दैनिकका लागि अध्यक्ष/प्रधान सम्पादक गंगाधर पराजुली, निर्देशक हरिमणि बराल, संस्थापक सम्पादक रीता गुरुङ
कार्यालय : चिप्लेढुंगा (सुनौलो भवन), पोखरा, फोन:०६१-५३९४५५, फ्याक्स : ५२२२२२, Email : goldennewspkr@gmail.com, Website: www.goldennews.com.np, मुद्रण गोल्डेन अफसेट प्रेस, चिप्लेढुंगा, पोखरा